आँखा पाक्ने रोगबाट बच्ने उपाय

- सङ्क्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- सङ्क्रमण भएको छ भने भीडभाडमा नजाने,
- सङ्क्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रूमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनुअघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ ०४ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 August 21 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०३

## स्व गिरी समाजवादी नेता थिए –वक्ताहरू

प्रस, वीरगंज, ३ भदौ/

नेपाली काङ्ग्रेसद्वारा आयोजित समाजवादी नेता स्व प्रदीप गिरीको स्मृतिमा काठमाडौंदेखि काशीसम्मको अस्तु यात्रा आइतवार वीरगंज आइपुगेको छ।



तस्वीरः प्रतीक

स्व गिरीको वार्षिक पुण्यतिथिको अवसरमा वीरगंजमा आयोजित 'प्रदीप गिरी र मधेस' शीर्षक कार्यक्रममा परराष्ट्रमन्त्री एनपी साउदले नेता गिरीको विचार सबै दलका नेताले अनुसरण गर्नुपर्ने बताए । उनले नेता गिरीले प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरिरहेका बेला आफूहरू विद्यार्थी नेता रहेको बताए। मन्त्री साउदले एकदलीय पञ्चायती व्यवस्था हटाउन प्रजातान्त्रिक शक्तिले मात्र सम्भव नभई वामपन्थी शक्तिलाई पनि साथमा लिए आन्दोलन निष्कर्षमा पुग्ने योजना बनाएका गिरीले मेलमिलापको अवधारणा ल्याएर पञ्चायती व्यवस्था हटाउन सहयोग गरेको बताए ।

नेता गिरीको विचारले सीमान्तकृत तथा पिछडिएका वर्गलाई पनि सङ्गठित गरी आन्दोलनलाई अगाडि बढाउन सहयोग गरेको बताए । उनले पार्टीमा केन्द्रीय समितिको निर्णयविरुद्ध फरक मत प्रस्तुत गर्दा ठूलै चर्काचर्की हुने गरेकामा पछि उनकै विचारमा नेताहरू सहमत हुने गरेको बताए। मन्त्री साउदले समाजवादी नेताको छवि बनाए नेता गिरीको निधनले सिङ्गो पार्टीलाई ठूलो धक्का पुगेको बताए।

कार्यक्रममा पत्रकार चन्द्रकिशोर झाले स्व गिरी पार्टीको मात्र नभई सिङ्गो मुलुकको हकहितको पक्षमा वकालत गर्ने नेताको रूपमा स्थापित भएको बताए । उनले लोकतन्त्रमा अधिकारविहीनको पक्षमा विचार राखी अधिकारसम्पन्न बनाउन नेता गिरी सधैं प्रयासरत रहने गरेको बताए ।

पत्रकार झाले देशमा आएको परिवर्तनपछि स्थानीय तहमा निर्वाचित तथाकथित राजाहरूका कारण लोकतान्त्रिक गणतन्त्र व्यवस्था नै धरापमा रहेको बताए। स्थानीय तहका नेतृत्वका क्रियाकलापका कारण आम जनमानसले वर्तमान व्यवस्था नै परिवर्तन गर्नुपर्ने धारणा व्यक्त गर्न थालेपछि लोकतान्त्रिक गणतन्त्र व्यवस्थामाथि सङ्कट बढिरहेको बताए ।

उनले उपभोक्ता समितिको नाममा अहिले लुटतन्त्र बढेसँगै गाउँमा गुण्डाराज व्याप्त रहेको बताए । उनले स्थानीय तहका राजाहरूका बारेमा सबै दलले गम्भीर भएर सोच्नुपर्ने बेला आएको बताए ।

नेका, पर्साका सभापति जनार्दनसिंह क्षत्रीको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य अनिल रूँगटा, गुरु बराल, कञ्चन झालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन पत्रकार रितेश त्रिपाठीले गरेका थिए ।

बिहान यात्रा टोलीले स्व गिरीको केही अस्तु पर्सा जिल्लाको तिलावे नदीमा पनि विसर्जन गरेको थियो ।

## हरिवनमा कृषिजन्य उत्पादन तथा उद्योगको पर्याप्त सम्भावना –गौतम

प्रस, वीरगंज, ३ भदौ/

वीरगंज उद्योग वाणिज्य सङ्घका कार्यवाहक अध्यक्ष हरिप्रसाद गौतमले हरिवनमा कृषिजन्य उत्पादन तथा कृषिजन्य उद्योगहरू स्थापनाको पर्याप्त सम्भावना रहेको बताएका छन् ।



तस्वीरः सौजन्य

हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकीको नेतृत्वमा रहेको टोली र वीउवासङ्घका पदाधिकारीबीच आइतवार भएको अन्तर्क्रिया कार्यक्रममा कावा अध्यक्ष गौतमले आर्थिक क्षेत्रलाई प्राथमिकतामा राखेर हरिवन नपाभित्र उद्योगहरू स्थापना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउनुपर्नेमा जोड दिए। उनले हरिवन नगरपालिकामा उद्योगहरूको स्थापनाको लागि जग्गाको प्रबन्ध गर्नुपर्ने, नियमित विद्युत् आपूर्तिको व्यवस्था गर्नुपर्ने, ढल निकासको व्यवस्था गर्नुपर्ने, शान्ति सुरक्षाको व्यवस्था हुनुपर्ने, उद्योग स्थापना गर्दाका बखत नीतिगत जटिलताबाट मुक्त हुनुपर्ने, आइइई/इइए गराइराख्नुपर्ने झन्झटबाट मुक्त राख्नुपर्ने, उद्योगहरू स्थापना भइसकेपश्चात् स्थानीयहरूको हस्तक्षेप नहुनुपर्नेलगायतका सुझावहरू प्रस्तुत गरेका थिए । कावा अध्यक्ष गौतमले यसका लागि चाहिने सहयोग र सहकार्यका लागि वीउवासङ्घ सदैव तयार रहेको बताए ।

कार्यक्रममा वीउवासङ्घका कासस अरविन्द अमात्य, तारा प्रसाद र हीरालाल साहले पनि हरिवन नपाको टोलीलाई सुझाव दिएका थिए ।



हरिवन नपाका प्रमुख बुढाथोकीले हरिवन क्षेत्रभित्र उद्योग स्थापनाको लागि आवश्यक सहयोग गर्न आग्रह गरे । उनले उद्योगहरू स्थापनाका लागि चाहिने पूर्वाधारहरू जग्गाको प्रबन्ध, बिजुलीबत्तीको व्यवस्था, ढल निकासको व्यवस्था आदिको प्रबन्ध नगरपालिकाले गर्ने बताए ।

वीउवासङ्घका प्रशासकीय अधिकृत मनोज उपाध्याय र हरिवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले कार्यक्रममा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा हेल्भेटास नेपाल इन इलम परियोजनाका टीम लिडर हरि गुरुङ, हेल्भेटास नेपाल इन इलम परियोजनाका प्रदेश संयोजक कृष्णलाल कर्ण, हरिवन नपा–२ का अध्यक्ष अर्जुन योञ्जन, ४ का अध्यक्ष केशवराज थापा, ५ का अध्यक्ष नागेन्द्र साह, ११ का अध्यक्ष शेख मेहबुब रेजा, हरिवन उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष राजन केसी, महासचिव राम विनोद कुशवाहा लगायतको सहभागिता थियो ।

## साहुको कुटाइबाट ऋणी आमाछोरा घाइते

धर्मेन्द्र चौरसिया, पोखरिया, ३ भदौ/

छिपहरमाई गाउँपालिका–२ बडका टिउकीमा एकल महिला तारादेवी र उनका छोरालाई साहुले कुटपिट गरेको समाचार छ।



कुटाइ खाएकी पीडित महिला। तस्वीरः सौजन्य

तारा देवीले स्थानीय भोला साह कानूसँग रु १२ लाख ऋण लिएको र कानूले छ कट्ठा जमीन लेखाउन दबाब दिंदा सोको विरोध गर्ने आमाछोरालाई साहु कानू र निजका मानिसहरूले आज बिहान १० बजे निर्घात कुटपिट गरेको बुझिन आएको छ।

छिपहरमाई गापा–३ बस्ने रामेश्वर भन्ने भोला साह कानू र प्रदीप साह कानूको टोलीले आफू र छोरामाथि कुटपिट गरेको तारा देवीले बताइन्। उनले साहुसँग रु १२ लाख लिएको र सोबापत छ कट्ठा जमीन आफ्नो नाममा लेख्न दबाब दिएपछि यसको विरोधमा शान्तिसुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, पर्सामा उजूरी गरेको तर प्रहरी प्रशासनले आफ्नो सुरक्षामा चासो नदेखाएको उनले आरोप लगाइन्।

उनले ऋण लिएबापत जग्गा नाममा गरिदिन निरन्तर दबाब आएपछि प्रहरी प्रशासनमा गुहार गरेको तर त्यहाँबाट पनि न्याय निसाफ नपाएको र साहुले आफूसहित छोरालाई बारम्बार प्रताडित गर्दै आएको आरोप लगाइन्।

आजको घटनापछि इलाका प्रहरी कार्यालय, पोखरियाले कुटपिट गर्ने पक्षलाई केही गरेको छैन तर कुटाइ खाएका आमा–छोरालाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसीले कुटपिटबारे आफूले बुझिरहेको बताए। उनले महिलाले रु १२ लाख लिएको निवेदन परेको र उनीमाथि अर्को मुद्दा पनि रहेकोले नियन्त्रणमा लिएको बताए। प्रनि केसीले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी गराए।

## रु ४९ अर्बको स्पन्ज आइरन आयात, बिलेट घट्यो

प्रस, परवानीपुर, ३ भदौ/

वीरगंजको श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालय नाकाबाट गत आवमा स्पन्ज आइरनको आयातमा भारी वृद्धि भएको छ। भन्सार शुल्क घटाइएपछि बन्दरगाह भन्सार नाकाबाट स्पन्ज आइरनको आयात बढेको हो। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा स्पन्जको आयात डेढ गुणाले बढेको छ। छड बनाउने प्रमुख कच्चा पदार्थको रूपमा चिनिने स्पन्ज आइरन राजस्वमा योगदान दिने ड्राइपोर्ट भन्सारको उत्कृष्ट १० वस्तुमध्ये एक नम्बरमा रहेको भन्सार कार्यालयले जनाएको छ। स्पन्ज आइरनले मात्र गत आवमा श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई रु तीन अर्ब १४ करोड २२ लाख ५१ हजार ८४२ राजस्व सङ्कलन भएको छ।



श्रीसिया सुक्खा बन्दरगाह। तस्वीरः प्रतीक

बन्दरगाह भन्सार कार्यालयको तथ्याङ्क अनुसार गत आवमा यो नाका हुँदै रु ४९ अर्ब २२ करोड ६१ लाख २४ हजार तीन बराबरको ७९ करोड ९२ लाख किलो स्पन्ज आइरन आयात भएको हो। जबकि अघिल्लो आवमा यो नाका हुँदै रु २९ अर्ब ९५ करोड २९ लाख बराबरको ५१ करोड ९९ लाख किलो स्पन्ज आइरन आयात भएको थियो।

स्पन्ज आइरनको आयात बढ्दा छड उद्योगले प्रयोग गर्ने अन्य कच्चा पदार्थ आइरन बिलेट, फलामका पाता, फलामका मोटा तारको आयात भने घटेका छन्। अघिल्लो आवमा यो नाका हुँदै रु १९ अर्ब १३ करोड बराबरको २५ करोड ४५ लाख किलो आइरन बिलेट आयात भएको थियो भने गत आवमा भने रु १६ अर्ब १६ करोड बराबरको २० करोड ५८ लाख किलो आइरन बिलेट आयात भएको थियो।



स्पन्ज आइरन

त्यसैगरी, अघिल्लो आवमा रु २३ अर्ब ९७ करोड बराबरको २२ करोड ४० लाख किलो फलामका पाता आयात भएकोमा गत आवमा रु १३ अर्ब २६ करोड बराबरको १४ करोड ८६ लाख किलो फलामका पाता आयात भएको थियो।

यसैगरी, अघिल्लो आवमा रु ९ अर्ब ३७ करोड बराबरको ११ करोड ७७ लाख किलो फलामका मोटा तार आयात भएकामा गत आवमा रु पाँच अर्ब २४ करोड बराबरको छ करोड २० लाख किलो यस्तो तार आयात भएको थियो।

बन्दरगाह भन्सार कार्यालयका प्रमुख डा रामप्रसाद मैनालीका अनुसार गत आवमा प्रतिस्थापन विधेयक ल्याएर स्पन्ज आइरनमा लाग्ने भन्सार महसूल र अन्तःशुल्क हटाइएपछि यसको आयात बढेको हो। "विगतमा १० प्रतिशतसम्म भन्सार शुल्क रहेकोमा गत वर्ष भन्सार शुल्क घटाएर शुरूमा पाँ र त्यसपछि एक प्रतिशतमा झारिएको छ, हाल स्पन्ज आइरन आयात गर्दा एक प्रतिशत भन्सार शुल्क र १३ प्रतिशत मूअकर मात्र लाग्छ," उनले भने, "ससाना टुक्रामा हुने यो आइरनलाई गलाएर छड बनाइन्छ, जसले गर्दा अन्य कच्चा पदार्थको तुलनामा यसको प्रयोगले उद्योगमा ऊर्जाको खपत कम हुन्छ।"

विगतमा जगदम्बा स्टीलले मात्र आयात गर्ने स्पन्ज आइरन अब भने अन्य उद्योगले पनि आयात गर्न थालेपछि यसको आयात बढ्न गएको उनले बताए। यो नाकाबाट छड तथा जस्तापाता उद्योगका कच्चा पदार्थ आयात गर्ने मुख्य आयातकर्ताहरूमा जगदम्बा स्टील, पञ्चकन्या, हामा आइरन उद्योगलगायत छन्। उनीहरूले भारतबाट यस्ता कच्चा पदार्थ आयात गर्ने गरेका छन्। पर्सा, बारा औद्योगिक कोरिडोरदेखि हेटौंडासम्मका छड तथा जस्तापाता उद्योगले सुक्खा बन्दरगाह नाका हुँदै आफ्नो उद्योगमा प्रयोग हुने कच्चा पदार्थ आयात गर्छन्। रेलबाट यस्ता कच्चा पदार्थ आयात गर्दा ढुवानी खर्च सस्तो पर्ने भएकोले व्यवसायीले यो नाका रुचाउने गरेका छन्।

## विचारसार र सूक्तिहरू

**सुन्दरताले त आँखालाई मात्र आकर्षित गर्दछ, व्यक्तित्वले मुटुलाई प्रभावित पार्दछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## अलबिदा !

**पर्साका सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाको ४४ वर्षको कलिलो उमेरमा निधन भयो । उनको निधन यस कारण स्तब्धताको कारण बन्यो कि उमेर कलिलो, हँसमुख, राम्रो कामलाई सघाउने भनेर होइन कि बुझेर सहयोग गर्न तत्पर रहने स्वभावले गर्दा । फेरि प्रतीक परिवारका लागि यो बज्रपात सरह नै भयो । एक दिनअघि मात्र उनले प्रतीकको वार्षिक समारोहको विशिष्ट अतिथिको रूपमा पुरस्कार वितरण गरेका थिए । एक दिन मसँग भनेका थिए, तपाईंहरूको ज्येष्ठ नागरिक पार्कमा खरपातहरू निकै उम्रेका रहेछन्, म जवानहरूलाई पठाएर सफा गर्न लगाइदिन्छु । मैले नाइँ भन्दा एक छिन खिन्न देखिए । मैले उनको शङ्का समाधान गर्दै भनें– महानगरपालिकाले त्यहाँ दुईजना पाले खटाएको छ, यो उनीहरूको काम हो । तपाईंले सहयोग गरिदिंदा उनीहरू अल्छी बन्छन्, फेरिफेरि जवानहरू आइदिऊन्, सफा गरिदिऊन् भन्ने बानी बस्छ । अनि उनको अनुहारमा सन्तुष्टि देखिएको थियो । प्रहरी भन्नेबित्तिकै, त्यो पनि सशस्त्र (अर्थात् दङ्गा प्रहरी) मानिसमा एउटा कठोर छवि बन्छ, त्यसविपरीत प्रउ सुमनमा कुनै समाजसेवीको झझल्को पाइन्थ्यो ।**

**मुखले कसैको प्रशंसा गर्नुभन्दा सरोकार भएको व्यक्तिको भावनाको कदरजस्तो मानवीयता केही होइन । सबैलाई कम्तीमा वीरगंजवासीलाई थाहा भएको कुरा हो, ज्येष्ठ नागरिक सङ्घ वा प्रतीक र प्रतीक संलग्न रहेको कुनै पनि कार्यक्रम समयमा शुरू हुन्छ । म प्रायः भन्ने गर्थें यो कार्यक्रममा सहभागीहरूको सदाशयता हो । हामीले यसका लागि विशेष अनुरोध गर्नुपर्दैन । त्यस दिन अर्थात् उनको निधनको एक दिन पहिले ९ः३० बजे प्रतीकको वार्षिकोत्सव थियो । त्यसै दिन बिहान ८ देखि ९ बजेसम्म ज्येष्ठ नागरिकको स्वास्थ्य परामर्श कार्यक्रम पनि थियो । तर प्रेषणकर्ताले भूलवश कसैकसैलाई ९ बजेको समय लेखेर ह्वाट्सएप गरिदिएका रहेछन् । ९ बजेको खबर प्रउ सुमन र प्रजिअ हीरालाल रेग्मीलाई प्राप्त भएको रहेछ । म बाहिर निस्कँदा ८ः५७ भएको थियो । मुसुमुसु हाँस्दै दुवै अधिकारीले मलाई अभिवादन गर्दा मैले समय त ९ः३० हो भनें । थपलिया सरले होइन, हामीले ९ बजेको निम्ता पाएका छौं । ल, ल कार्यक्रम शुरू गरिहाल्नुपऱ्यो । द्विविधा थियो मेरोअगाडि । मुख्य अतिथि थिए, वीरगंजका मेयर र उनलाई त मैले नै फोनबाट ९ः३० को खबर गरेको थिएँ । मेयर भनेपछि राजनीतिक व्यक्ति, ढिलो हुनु स्वाभाविक ठानेको थिएँ । लाचार कार्यक्रम शुरू गरियो, यस आशयका साथ कि आधा घण्टा त गफ गरेरै बिताइदिन्छु । भयो पनि त्यस्तै र मेयर राजेशमानजीको उपस्थिति पनि ठ्याक्कै समयमैं भयो ।**

**थपलिया सर वीरगंज आएदेखि नै ज्येष्ठ नागरिकको कार्यक्रममा समयप्रति ज्यादै चनाखो देखिएका थिए । पहिलोपटक सहभागिताको लागि फोन गर्दा, त्यति बेला हाम्रो प्रत्यक्ष परिचय पनि थिएन–मलाई थाहा छ, तपाईंहरूको कार्यक्रम समयमा शुरू हुन्छ । आउन पाइनँ भने बेग्लै कुरा हो, अन्यथा समयमैं आउँछु भन्ने जवाफ अन्तसम्म कायम राख्ने सदाशयी व्यक्तिलाई गुमाउँदाको व्यथा शब्दमा कसरी व्यक्त गर्न सकिएला ! हुनत प्रसङ्ग उनीसँग जोडिएकोले मात्र, होइन भने वीरगंज आउने सरकारी तहका प्रत्येक उच्च अधिकारीहरूले हाम्रो समयक्रान्तिको लाज राखिदिएका छन् । ती सबैप्रति आभार व्यक्त गर्दै असमय निठुर कालको गाँस बनेका प्रउ सुमन थपलियाको सम्झना अक्षुण्ण राख्दै अब कहिले त्यो हँसिलो अनुहार देख्न नपाउने पीडाका साथ हार्दिक श्रद्धाञ्जलि !**

# शैक्षिक स्तरोन्नतिका लागि स्थानीय सोच र जनसहभागिताको आवश्यकता

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**स्थानीय खाँचो र आवश्यकता सर्वसाधारणको आँखाबाट हेर्ने गरिएको छैन । शैक्षिक योजना निर्माण प्रक्रियामा स्थानीय समुदायको सहभागिता छैन । विद्यालय व्यवस्थापन समिति, शिक्षकहरूको गैरजिम्मेवारीपन र समाजको बेवास्ताले पनि विद्यालयहरू कमजोर देखिएका छन् ।**

हाम्रो देशको शिक्षा समस्यै समस्याले घेरिएको छ । यो सत्य कसैबाट लुकेको पनि छैन । साक्षरताको अवस्था र बेरोजगारीहरूको भीड र युवा पलायनले पनि यस सत्यलाई प्रमाणित गर्दछ । सरकारी तथ्याङ्कले बल्लतल्ल ७० प्रतिशत नेपाली साक्षर भएको देखाउँछ । एक्काइसौं शताब्दीमा प्रवेश गरेको तेस्रो दशक बितिसक्दा पनि धेरैजसो नेपाली निरक्षर रहनु कति भायावह समस्या हो भन्ने आफैंमा प्रस्ट छ ।

एकातिर कैयन नेपाली शिक्षाको ढोकासम्म नपुगेको यथार्थ छ भने अर्कोतिर जसको लागि शिक्षाको ढोका खुलेको छ उसलाई पनि गुणस्तरीय शिक्षाको अभाव स्पष्ट देखिएको छ । राज्यले प्रदान गर्ने शिक्षा दिन प्रतिदिन कमजोर बनिरहेको छ भने आधारभूत शिक्षाबाट वञ्चितहरू राज्यका लागि समस्याको रूपमा देखा परिरहेका छन् ।

सबैलाई आधारभूत शिक्षा पुऱ्याउने भनेर कैयौं वर्षदेखि सरकारले आफ्ना कार्यक्रमहरू दाता राष्ट्रहरूको सहयोगमा अघि बढाउँदै आएको छ । सबैलाई शिक्षा दिन विद्यालय र विभिन्नरूपमा शिक्षकहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ । नेपालले सन् २०१५ सम्म सबैलाई आधारभूत शिक्षाको अवसर प्रदान गर्ने वाचा गरे पनि हालसम्म सरकारको काम गर्ने तरीकाले गर्दा पूरा हुन सकेको छैन । आधारभूत शिक्षा नागरिकको नैसर्गिक हक भए तापनि देश अझै निरक्षरताको जालोमा छ ।

लोकतन्त्रात्मक गणतन्त्रको प्राप्ति पछि शिक्षामा गरिएको ठूलो लगानीबाट प्राप्त परिणाम निराशाजनक छ । देशमा सरकारी विद्यालयमा सरकारी लगानी बढे पनि शिक्षाको स्तर सो अनुरूप बढ्न सकेको छैन । अर्कोतिर संस्थागत विद्यालयको हालीमुहालीले गर्दा सरकारी विद्यालयहरू गरीबका छोराछोरी पढाउने थलो बनेका छन् । गुणस्तरीय शिक्षाको मारमा सबैभन्दा बढी गरीब र न्यून आय भएका बहुसङ्ख्यक बालबालिका परेका छन् ।

शिक्षा सर्वसुलभ बनाउने भनिए पनि कार्यान्वयनको अवस्था यस्तै रह्यो भने यसको पहुँच गरीबका छोराछोरी, दलित, उपेक्षित, उत्पीडित, असहाय र निम्न आय भएका वर्गसम्म पुग्न नसक्ने निश्चित देखिन्छ । वर्तमानमा सार्वभौम सत्ता जनतामा निहित भनिए पनि शिक्षाको सवालमा समस्या जस्ताको त्यस्तै छ । शिक्षालाई समुदायमा हस्तान्तरण गरिए पनि नीति नियमको फितलो कार्यान्वयनले गर्दा विद्यालयहरूको अवस्था दिन प्रतिदिन जटिल बन्दै गएको छ । एकातिर स्थानीय तहमा पर्याप्त स्रोत साधन उपलब्ध छैन भने अर्कोतिर केन्द्रीय प्रभाव कायमै रहेकोले पनि समस्याहरू देखिएका छन् ।

हाल निर्वाचित स्थानीय सरकार गठन भइसकेको छ । यहींनिर हामी सबैले के सोच्नुपर्ने हुन्छ भने आधारभूत शिक्षाका समस्याहरू समाधान गर्ने स्थानीय दृष्टिकोण के र कस्तो हुन सक्छ ? नीति निर्माणको क्रमदेखि कार्यान्वयनको तहसम्म सर्वसाधारणको पहुँच पुऱ्याउन नेपालको संविधान २०७२ को भाग ३ को नियम ३१ को धारा १ देखि ५ अनुसार स्थानीय सरकारलाई शिक्षाको जिम्मेवारी सुम्पिएबमोजिम बदलिंदो परिवेशमा स्थानीय तहबाट नै शैक्षिक सुधारका योजना, नीति बन्न सक्छ वा सक्दैन ? स्थानीय अभिभावक, स्थानीय निकायको शैक्षिक सुधारको प्रक्रियामा भूमिका कस्तो हुन सक्छ ? यी र यस्तै खालका अन्य प्रश्नहरूको जवाफ खोज्न स्थानीय नागरिक वा उपभोक्ताहरूको भूमिकाबारे बहस हुनु जरूरी छ । के हामी अहिले आफ्ना सन्तानलाई राज्यले निर्माण गरेको नीति अन्तर्गतको शैक्षिक संस्थाहरूबाट शिक्षा दिलाएर, चाहेजस्तो नागरिक तयार गर्न सक्छौं वा सामुदायिक शैक्षिक संस्थामा पढ्ने केटाकेटीहरूको भविष्यको ग्यारेन्टी गर्न सक्छौं ? यस प्रश्नको उत्तर खोज्ने बेला आइसकेको छ । यस्तो ज्वलन्त समस्याको समाधान बेलैमा खोज्न सकिएन भने सिङ्गो राष्ट्रको शैक्षिक भविष्य बर्बाद हुने देखिन्छ ।

आधारभूत शिक्षाका क्षेत्रमा उपभोक्ताहरूको भूमिका स्थापित गर्न विद्यमान अवस्थामा सुधारको खाँचो छ ।

नेपालको ठूलो लगानीको क्षेत्र रहेको आधारभूत शिक्षाबाट राज्यले सोचेको जस्तो प्रतिफल लिन सकेको छैन । नयाँ नेपालको निर्माण वा नेपाली समाजको सुधार गर्न सक्ने शिक्षा अहिले धेरै ठाउँमा समुदायलाई हस्तान्तरण गरिएको छ तर स्थानीय अभिभावकहरूमैं जिम्मेवारी बोध छैन । जसको फाइदा राजनीतिक दलहरूले उठाउने गरेको थुप्रै प्रमाणहरू फेला परेको छ । यस कारण यसबारे पनि गहन छलफल आवश्यक छ ।

देशका शैक्षिक सूचकहरूले आधारभूत शिक्षाको अवस्था निकै फितलो रहेको देखाएको छ । सामुदायिक विद्यालय सुधारतिर होइन, दुर्दशातिर गइरहेका छन् । आफ्नै छोराछोरी पढ्ने विद्यालयप्रति पनि अभिभावकहरूमा जिम्मेवारीबोध हुन सकेको छैन । अभिभावकको भूमिका नखोजिकन शिक्षक र कर्मचारीतन्त्रकै भरमा सामुदायिक विद्यालयको स्तरोन्नति सम्भव छैन, किनभने प्रत्यक्ष लगानी नभएको कारण अभिभावकहरूले पनि चासो लिने गर्दैनन् । अर्कोतिर सामुदायिक विद्यालयमा वर्षको ६ महीनाभन्दा बढी बिदा नै हुने गरेको छ । सामुदायिक विद्यालयहरूमा कर्तव्यभन्दा बढी अधिकारकै व्याख्या हुने गर्दछ । वर्तमान परिवेशमा त्यहाँ पढाउने विभिन्न स्वरूपका धेरैजसो शिक्षकहरू राजनीतिबाट प्रताडित भइरहेका छन् । यस परिप्रेक्ष्यमा सामुदायिक विद्यालयहरूको अवस्था सुधार्ने सम्भावनाहरूको खोजी गर्ने बेला आइसकेको छ । यसतर्फ समयमैं ध्यान नदिने हो भने सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था झन्झन् जर्जर भएर जाने निश्चितप्रायः छ ।

नेपालको आधारभूत शिक्षामा जे जस्ता कमजोरीहरू छन्, त्यसलाई खोज्न अब ढिलाइ गर्नुहुन्न भन्ने मेरो मान्यता रहेको छ । सामुदायिक विद्यालयहरू समुदायमा हस्तान्तरण भइसकेकाले पनि नागरिकको भूमिका सार्थक बनाउन स्थानीय सरकारको नितान्त आवश्यक कार्यभार हुनुपर्ने देखिन्छ । उनीहरूलाई शिक्षाप्रति जागरूक र जिम्मेवार बनाउनुपर्दछ । उनीहरूलाई शैक्षिक सुधारका योजना, कार्यक्रम र स्थानीय तवरबाट नै कसरी शिक्षामा सुधार गर्न सकिन्छ भन्ने कुरा सिकाउने परिपाटी विकसित गर्नुपर्छ । स्थानीय सोचलाई शिक्षामा स्थापित गर्ने बाटो पहिल्याउन आवश्यक छ । शिक्षा सबैका लागि आवश्यक भएकोले त्यसको सुधारको जिम्मा हाम्रो पनि हो भन्ने भावनाको समाजीकरण आवश्यक छ । सबैले शिक्षा प्राप्त गरून् भन्ने उद्देश्य परिपूर्तिका लागि राज्यले अनेकौं प्रकारका शैक्षिक कार्यक्रम ल्याएको छ तर विद्यालय खोलेर र शिक्षक राखिदिएर मात्र शैक्षिक अवस्थामा सुधार नहुने कुरा छर्लङ्ग भएको छ ।

त्यसैले शिक्षामा सुधार ल्याउने प्रयास एउटा सामूहिक अभियानको रूपमा स्थानीय तहबाट नै शुरू हुनुपर्छ । शिक्षा समाजको नासो हो र यसलाई स्थानीय तहबाट नै संरक्षण गरे मात्र यसबाट उचित प्रतिफल लिन सकिन्छ भन्ने भावबोध हुनु अब अति आवश्यक भइसकेको छ । स्थानीय जनता र स्थानीय सरकारले यदि यसप्रति चासो देखाएनन् भने अन्ततोगत्वा उनीहरूलाई नै हानि हुने कुरा बुझ्नु अत्यन्त जरूरी भइसकेको छ । यसका लागि शिक्षाको हर्ताकर्तालाई यो कुराको हेक्का हुनु जरूरी छ । कसैकसैले भन्ला हाम्रा छोराछोरी बोर्डिङ स्कूलमा पढ्छन् यस कारण यो राज्यले हेर्ने कुरा हो । मलाई यसमा कुनै चासो छैन । यसो भन्नु गैरजिम्मेवारीको पराकाष्ठा हो किनभने सरकारी विद्यालयमा पढ्ने बहुसङ्ख्यक विद्यार्थीसँगै हाम्रा छोराछोरीहरू पनि हुर्किरहेका छन् र सबै यसै समाजमा बस्दछन् । एकातिर हामी राम्रो शिक्षाको नाउँमा ठगी रहेका छौं भने अर्कोतिर सँगसँगै बस्ने भएकोले सोही संस्कारबाट प्रभावित भइरहेका छौं । यस कारण समाजमा सँगसँगै बस्ने भएकाले हामी सबैको दायित्व एक अर्काबारे सोच्नु पनि हो । यसतर्फ पनि गहन विचार गर्नु आवश्यक छ ।

नेपालको शिक्षामा दाता राष्ट्रहरूको ठूलो लगानी छ तर प्रतिफल थोरै छ । वर्तमान सन्दर्भमा गाउँटोल वा नगरका प्रमुख व्यक्तित्वहरूले विद्यालयको प्रत्यक्ष नेतृत्व गरिरहेका छ तर स्थानीय समुदायको निर्णयात्मक सहभागिता छैन । विद्यालयहरूको अनुगमन, निरीक्षण र व्यवस्थापन अत्यन्त कमजोर छ । विद्यालयहरूलाई राजनीति गर्ने थलो बनाइएको छ । शिक्षकहरू राजनीतिका नाउँमा विभिन्न खेमामा विभाजित छन् । व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित अभिभावकहरूको पनि दैनिक अनुगमन र निरीक्षण भइरहेको छैन । उनीहरू पनि विद्यालयजस्तो पवित्र थलोलाई सुधार गर्ने जिम्मा लिएर पनि स्वार्थवश भ्रष्टाचारमा लिप्त भएका छन् । शिक्षामा स्थानीय समुदायको विचार, सरसल्लाह र सुझाव लिने परिपाटी छैन । स्थानीय खाँचो र आवश्यकता सर्वसाधारणको आँखाबाट हेर्ने गरिएको छैन । शैक्षिक योजना निर्माण प्रक्रियामा स्थानीय समुदायको सहभागिता छैन । विद्यालय व्यवस्थापन समिति, शिक्षकहरूको गैरजिम्मेवारीपन र समाजको बेवास्ताले पनि विद्यालयहरू कमजोर देखिएका छन् । सामुदायिक विद्यालयहरूको यो अवस्थामा परिवर्तन ल्याउन शिक्षामा स्थानीय सोच र जनसहभागिता बढाउन नितान्त आवश्यक छ ।

# विज्ञापन कारोबारमा हुने बेथिति रोक्न विज्ञापन बोर्ड अग्रसर

काठमाडौं, ३ भदौ/रासस

सञ्चारमाध्यममा विज्ञापन कारोबारका क्रममा हुँदै देखिएका बेथिति रोक्न नयाँ नियमावली आएसँगै सोको कार्यान्वयनका लागि नेपाल सरकारको विज्ञापन बोर्ड अग्रसर भएको छ । विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को पहिलो संशोधन (२०८०) मन्त्रिपरिषद्को गत साउन १६ गतेको बैठकबाट स्वीकृत भएपछि सञ्चारमाध्यमको स्तर निर्धारण, विज्ञापनको दररेट सार्वजनिक र विज्ञापन एजेन्सीको कारोबारलाई पारदर्शी बनाउन लागिएको हो ।

नियमावलीले व्यवस्था गरे अनुसार सञ्चारमाध्यमले आफ्नो विज्ञापनको दररेट बोर्डमा हरेक वर्ष बुझाएपछि बोर्डले वेबसाइटमा उक्त विवरण सार्वजनिक गर्ने तथा विज्ञापनका कारोबार बोर्डको सूचना प्रणालीमा प्रविष्ट हुनेगरी संयन्त्र विकास गरिएको छ । हाल सञ्चारमाध्यमले सरकारी निकायलाई २५ प्रशितसम्म छुट दिने, ६५ प्रतिशतसम्म विज्ञापन एजेन्सीको कमिशन राखेर सम्बन्धित सञ्चारमाध्यमले १० प्रतिशत मात्रै भुक्तानी पाउने खालका प्रवृत्ति देखिएका छन् ।

हाल विज्ञापन क्षेत्रमा करीब रु पाँच अर्बको कारोबार हुँदै आएको छ । बोर्डको नियमनपछि विज्ञापनको कारोबार हुँदा विज्ञापनदाता र सम्बन्धित सञ्चारमाध्यमको वास्तविक कारोबार यकीन नहुँदा एजेन्सी र सरकारी कर्मचारी वा मध्यस्थकर्ताबीच कमिशनको भागबन्डा हुने प्रवृत्तिमा नियन्त्रण आउने देखिएको छ ।

बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले अब त्यस प्रकारका अपारदर्शी कारोबार रोक्ने गरी विज्ञापनदातालाई विज्ञापन एजेन्सीले बिल दिंदा सञ्चारमाध्यमले एजेन्सीलाई दिने बिलको प्रति पनि समावेश गरी बुझाएपछि मात्रै भुक्तानी हुने प्रबन्ध गरिने बताए । सो क्रममा एजेन्सीले १५ प्रतिशतसम्म सेवा शुल्क लिन पाउनेछ । "नियमावलीमैं स्पष्ट भएर आएपछि विज्ञापनको कारोबारमा हुने गरेको चुहावट रोक्न यसले मदत गर्नेछ । विज्ञापनको कारोबारलाई करको दायराका साथै व्यवस्थित बनाउन बोर्डले सहजीकरण, नियमन र अनुगमनलाई प्रभावकारी बनाउनेछ," अध्यक्ष हुमागाईंले भने, "बोर्डले विज्ञापन सामग्रीको परीक्षण र सञ्चारमाध्यमको स्तरीकरण पनि गर्नेछ । डिजिटल माध्यमको विज्ञापन र होर्डिङ बोर्डको पनि नियमन हुनेछ । हरेक स्थानीय तहसम्मबाट यसको प्रभावकारी कार्यान्वयन गराइनेछ । नियम पालना नगर्ने सञ्चारमाध्यम र एजेन्सीलाई बोर्डले निश्चित अवधिका लागि कारोबार रोक्कासमेत गराउन सक्नेछ ।"

गत साउन ३२ गतेको नेपाल राजपत्रमा प्रकाशित उक्त संशोधन नियमावलीको दफा ५ (२)मा बोर्डलाई दररेट उपलब्ध नगराउने वा पूर्व सार्वजनिक दररेटमा कारोबार गर्न नचाहने सञ्चारमाध्यमलाई सरकारी निकाय वा बोर्डले विज्ञापन उपलब्ध नगराउने उल्लेख छ । बोर्डले लोककल्याणकारी विज्ञापन समानुपातिकरूपमा वितरण गर्नेछ ।

बोर्डले विज्ञापन तथा सूचनाको वर्गीकरण गर्दा सार्वजनिक हितसँग सम्बन्धित विज्ञापन तथा सूचना, प्रवर्द्धनात्मक विज्ञापन तथा सूचना, अन्य विज्ञापन तथा सूचनाका आधारमा गर्नेछ । बोर्डले सरकारी विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्ने प्रयोजनका लागि प्रचलित कानूनबमोजिमका सञ्चारमाध्यमको वर्गीकरणका साथै पत्रपत्रिकाको हकमा आकार, पृष्ठ सङ्ख्या, प्रकाशन तथा वितरण सङ्ख्या, भौगोलिकरूपमा वितरण र पहुँचको अवस्थाका आधारमा स्तर निर्धारण गर्नेछ ।

प्रसारण संस्थाको हकमा प्रसारण पहुँच र दर्शकको सहभागिता, डिजिटल माध्यमको हकमा पाठक वा दर्शक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# जलबिन्दुको नियमित परीक्षण गर्न सुझाव


चितवन, ३ भदौ ⁄ रासस

आँखामा लाग्ने जलबिन्दु (ग्लुकोमा) रोगको नियमित परीक्षण गर्न चिकित्सकले सुझाव दिएका छन् । रोग लागेपछि जीवनभर औषधि उपचारमा लाग्नुपर्ने भएकाले समयसमयमा परीक्षण गरिरहनुपर्ने उनीहरूको भनाइ थियो ।

यस रोगलाई प्रायः 'दृश्यको मौन चोर' भनिन्छ । जलबिन्दुले लक्षण नै नदेखाइ बिस्तारै छेउछेउबाट दृष्टि बिगार्दै जान्छ । अन्तिम अवस्थामा पुगेपछि त्यसलाई निको बनाउन सकिँदैन । भरतपुर आँखा अस्पतालमा शनिवार आयोजना गरिएको जलबिन्दुसम्बन्धी जनचेतनामूलक कार्यक्रममा चिकित्सकले जलबिन्दु रोगको नियमित परीक्षण गर्न सुझाव दिएका थिए ।

उक्त अस्पतालका जलबिन्दु विभाग प्रमुख डा रञ्जीत साहले जलबिन्दुको उपचार औषधि, लेजर प्रविधि र शल्यक्रियामार्फत गर्न सकिने जानकारी दिए ।

शल्यक्रिया अन्तिम विकल्प रहे पनि जीवनभरका लागि नहुने उल्लेख गर्दै प्रमुख साहले भने, "शल्यक्रिया गरे पनि कुनै समयमा पुगेर पुनः काम नगर्न सक्छ । आधुनिक लेजर प्रविधि जलबिन्दुको अवस्था हेरेर अपनाउन सकिन्छ, लेजर र शल्यक्रिया गरे पनि बिरामी नियमित परीक्षणमा आउनुपर्छ । उनले थपे, "शल्यक्रिया वा लेजर गरेको छ भनेर ढुक्कसँग बस्नुहुँदैन, समयसमयमा परीक्षण गराइरहनुपर्छ ।"




जलबिन्दु लागिसकेपछि सबैभन्दा पहिलो उपचार औषधि भएको र यो रोग लागेपछि जीवनभर नियमित औषधि प्रयोग गर्नुपर्छ । अर्का डा सन्तोषकुमार साहले आँखामा उच्च रक्तचापका कारण जलबिन्दु रोग हुने गरेको बताए । उनका अनुसार जलबिन्दु चार प्रकारका (प्राइमरी ओपन–एङ्गल ग्लुकोमा, एङ्गल क्लोजर–ग्लुकोमा, नर्मल–टेन्सन ग्लुकोमा र डेकेन्डरी ग्लुकोमा) हुन्छन् ।

भर्खरै जन्मेको नवजात शिशुदेखि वृद्धवृद्धासम्मलाई जलबिन्दु लाग्ने भएकाले स्क्रिनिङ गरेर नै रोग पत्ता लगाउनुपर्नेमा डा साहले जोड दिए । आँखाको दृष्टि नसाको परीक्षण गरेर यो रोगको पहिचान गर्न सकिने उनको भनाइ थियो ।

जलबिन्दु वंशजका आधारमा पनि हुने भएकोले परिवारमा कसैलाई यस्तो रोग लागेमा अन्य सदस्यले पनि परीक्षण गराइहाल्नुपर्नेमा उनको सुझाव थियो । मधुमेह, उच्च रक्तचाप, मुटुको रोग र मोतीबिन्दु भएकालाई पनि जलबिन्दु हुन सक्ने डा साहले बताए ।

डा सिर्जना पराजुली, डा प्राची दुलाल, डा मनीषा थापा, वरिष्ठ नेत्र सहायक विनीता सापकोटाले जलबिन्दुको प्रारम्भिक पहिचान, लक्षण, रोकथाम र उपचार पद्धतिका बारेमा जानकारी गराएका थिए । जलबिन्दु भएपछि आँखाको छेउछेउबाट दृष्टि गुम्दै जान्छ, अन्तिममा आँखाको बीचमा क्षति पुग्याउने हुँदा प्रत्येक छ⁄छ महीनामा आँखा परीक्षण गरेर रोग पहिचान गर्न सकिने उनीहरूको भनाइ थियो । जलबिन्दुका बिरामीले मानसिक तनाव नलिन र नियमित चस्मा प्रयोग गर्न पनि सुझाव दिइएको थियो ।

# कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई दिवा खाजा

काठमाडौं, ३ भदौ ⁄ रासस

काठमाडौं महानगरपालिकाले कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई यही भदौदेखि दिवा खाजाको व्यवस्था गर्ने भएको छ ।

गत वर्ष कक्षा ८ सम्म दिँदै आएको खाजा महानगरले यस वर्ष कक्षा १० सम्मका विद्यार्थीलाई दिने व्यवस्था गरेको महानगरपालिका शिक्षा विभागका अधिकारी सीताराम कोइरालाले जानकारी दिए । उनका अनुसार सङ्घीय सरकारले कक्षा ६ सम्म प्रतिविद्यार्थी रु १५ दिँदै आइरहेकामा महानगरले गत वर्षदेखि रु १० थप गरेर रु २५ बनाएको थियो ।

सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीका लागि सरकारले दिँदै आएको रु १५ मा महानगरले रु १५ थप गरी रु ३० पुऱ्याएको कोइरालाले बताए । भदौदेखि कक्षा ६ देखि कक्षा १० सम्मलाई पनि दिवा खाजाको व्यवस्थापन गर्न महानगर अन्तर्गत शिक्षा विभागले विद्यालयलाई पत्राचार गरेको छ ।

# बाढीले पुरिएको डेढ करोड फेला

ढोरपाटन (बागलुङ), ३ भदौ ⁄

मुस्ताङको कागबेनीमा बाढीले पुरिएको डेढ करोड रुपियाँभन्दा बढी रकम फेला परेको छ । आइतवार स्थानीयवासी, सुरक्षाकर्मी र बैंकका कर्मचारीद्वारा भग्नावशेष उत्खनन गर्ने क्रममा उक्त रकम भेटिएको हो ।

बाढीले पुरिएको बैंकको भवन खोतल्दा प्रभु बैंकको रु ५१ लाख ६२ हजार २२६ र नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको पनि रु एक करोड पाँच लाख ३२ हजार ९६४ फेला परेको जिल्ला प्रहरी कार्यालय, मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक रवीन्द्रनाथ पौडलले जानकारी दिए ।

बाढीले प्रभु बैंकको भवन नै बगाएको थियो भने नेपाल इन्भेष्टमेन्ट मेगा बैंक भएको घर दुई तलासम्म बाढीसँगै आएको लेदोले भरिएको प्रहरी नायब उपरीक्षक पौडेलको भनाइ छ । एक सातापछि आज फेला परेको रकम सुरक्षित नै रहेको उनले बताए ।

प्रनाउ पौडेलले भने, "आज गाउँले, सुरक्षाकर्मी र बैंकका कर्मचारीहरूले उत्खनन गर्ने क्रममा पैसा फेला परेको छ, भल्टसँगै पैसा फेला परेको हुँदा पैसा सुरक्षित नै देखियो, बैंकको भवन छ्याछ्याङै थियो, त्यसले गर्दा कुन बैंकको पैसा हो भन्ने पत्ता लगाउन सहज भयो ।"



वीरगंजको शङ्कराचार्यद्वारलाई थप आकर्षण बनाएको नेपाल र भारतबीचको 'ह्यान्डसेक' । तस्वीरः सतीश महर्जन

# चोरी पैठारी नियन्त्रणमा सरकार प्रतिबद्ध छ –उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौं, ३ भदौ ⁄ रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले भन्सार नाकाबाट हुने चोरी पैठारी र अवैध आयात नियन्त्रणका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् । अहिले मुलुकको अर्थतन्त्रको मुख्य समस्याका रूपमा रहेको अवैध व्यापार नियन्त्रणका लागि सरकारले अधिकतम प्रयास गरिरहेको उनले उल्लेख गरे ।

गृह मन्त्रालयमा आइतवार बसेको कुखुरा तथा कुखुराजन्य वस्तुको गैरकानूनी ओसारपसार नियन्त्रणसम्बन्धी बैठकमा उपप्रधानमन्त्री श्रेष्ठले विभिन्न वस्तुको अवैध व्यापारले नेपालका उद्योगी–व्यवसायी समस्यामा परेका मात्र नभई सरकारले समेत ठूलो राजस्व गुमाइरहेको बताए ।

"भन्सार नाका र खुला सिमानाबाट हुने चोरी पैठारी व्यवसायीको मात्र समस्या होइन । यस्ता अवैध गतिविधिले व्यवसायी त मारमा परेकै छन्, राष्ट्रले पनि राजस्व गुमाएको छ," उनले भने, "मुलुक आत्मनिर्भर हुने वस्तुमा पनि बाहिरबाट चोरी पैठारी हुने गरेको देखिएको छ ।

राजस्व चुहावट नियन्त्रणका लागि सरकार प्रतिबद्ध छ ।"

खुला सिमाना र भन्सार नाकाबाट हुने चोरी पैठारी नियन्त्रणका लागि प्रतिबद्ध भएर लाग्न सुरक्षा निकायलाई निर्देशन दिइसकेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले अवैध व्यापार नियन्त्रणका लागि प्रहरी प्रशासनका तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाए । अर्थतन्त्र सुधारका लागि आन्तरिक पूँजी निर्माण, लक्षित पूँजीगत खर्च र व्यापार घाटा न्यूनीकरण गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको उनको भनाइ छ ।



तस्वीरः फाइल

उक्त बैठकमा नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्टले कोभिड–१९ महामारीअघिको तुलनामा अहिले पोल्ट्री व्यवसाय धराशयको अवस्थामा पुगेको बताए । "करीब रु एक खर्ब ५० अर्ब बराबरको लगानी रहेको र पाँच लाख जनशक्तिलाई रोजगार दिइरहेको यो व्यवसायमा भारतबाट हुने चोरी पैठारीले गम्भीर असर परेको छ," उनले भने– "भन्सार नाकामा पशु क्वारेन्टाइन व्यवस्थित छैन । सस्तो भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्दा पोल्ट्री उद्योग र व्यवसाय सङ्क्रमणबाट गुज्रिरहेका छन् ।" आत्मनिर्भर भइसकेको पोल्ट्री क्षेत्रमा अवैध आयातले समस्या निम्त्याएको उनको भनाइ छ ।

अन्य वस्तुका नाममा कुखुराको मासु आइरहेकाले भन्सार जाँचपासमा कडाइ गरिनुपर्ने, पशु क्वारेन्टाइनबाट चौबीसै घण्टा सेवा उपलब्ध गराउनुपर्ने, विद्यमान कानूनी व्यवस्थाविपरीत दशगजा क्षेत्रमा खोलिएका कुखुरा फार्मलाई कारबाई गरिनुपर्ने, अवैध ओसारपसार गर्नेलाई न्यून जरिवाना लाग्ने गरेकामा जरिवानाको रकम बढाउनुपर्नेलगायतका माग व्यवसायीले राखेका छन् । कुखुरा तथा कुखुराजन्य पदार्थको गैरकानूनी व्यापार रोकथामका लागि विद्यमान कानूनी व्यवस्थामा सुधार गरी दण्डसजाय बढाउनुपर्ने व्यवसायीको माग छ । पशु कल्याण र क्वारेन्टाइनसम्बन्धी ऐन संशोधनका लागि समेत व्यवसायीले माग राखेका छन् ।

# चार दशकमा दोब्बर जनसङ्ख्या


महोत्तरी, ३ भदौ ⁄ रासस

महोत्तरीमा चार दशकको अवधिमा जनसङ्ख्या करीब दोब्बर भएको छ । विसं २०३८ र पछिल्लो २०७८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्कले सो अवधिमा जनसङ्ख्या झन्डै दोब्बर देखाएको हो ।

विसं २०३८ मा जिल्लाको जनसङ्ख्या तीन लाख ६१ हजार ५४ रहेकामा २०७८ सालको जनगणनामा जिल्लाको जनसङ्ख्या सात लाख छ हजार ९९४ पुगेको तथ्याङ्क कार्यालयले जनाएको हो ।

उक्त जनसङ्ख्या २०३८ सालभन्दा दोब्बर हुन मात्र १५ हजार १४ ले कम छ । पछिल्लो जनसङ्ख्यामा महिला तीन लाख ५७ हजार ८३५ (५० दशमलव ६७ प्रतिशत) र पुरुष तीन लाख ४९ हजार १५९ (४९ दशमलव ४० प्रतिशत) रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रामाणिक अभिलेखलाई उद्धृत गर्दै कार्यालय प्रमुख श्याम साहले बताए ।

जिल्लामा सबैभन्दा बढी जनसङ्ख्या भएका जातिगत समुदायमा क्रमशः यादव, मुस्लिम, धानुक, कोइरी, तेली, मुसहर, चमार, खत्वे र पासवान रहेका छन् । तथ्याङ्क अनुसार यादव एक लाख १० हजार ७२९ (१५ दशमलव ६६ प्रतिशत), मुस्लिम एक लाख सात हजार ३७३ (१४ दशमलव ६९ प्रतिशत), धानुक ४५ हजार २५१ (छ दशमलव चार प्रतिशत), कोइरी ४० हजार ३८१ (पाँच दशमलव ७१ प्रतिशत), तेली २९ हजार ९५३ (पाँच दशमलव ७१ प्रतिशत) र मुसहर २७ हजार ३५२ (तीन दशमलव ८७ प्रतिशत) छन् । यसैगरी, कम जनसङ्ख्या रहेका जातिगत समुदायमा सबैभन्दा कम सिख दुईजना मात्र छन् ।




यसैगरी, बेलदार ११, कुशबरिया १४, राना थारू १६, कमर र आठपहरिया १८⁄१८, लिम्बू २०, जैन २६, राजवंशी २८, हायु ४१ र शेर्पा ५१ जना मात्र छन् । यिनमा हिन्दू धर्म मान्ने सबैभन्दा बढी पाँच लाख ८४ हजार ५१३ (८२ दशमलव ६७ प्रतिशत) छन् ।

यसैगरी, इस्लाम धर्म मान्ने एक लाख नौ हजार ९१४ (१५ दशमलव ५४ प्रतिशत), बौद्ध परम्परामा १० हजार ९५३ (एक दशमलव ५५ प्रतिशत), ईसाइ एक हजार १३७ (० दशमलव १६ प्रतिशत), प्रकृति २३० (० दशमलव ०३ प्रतिशत), किराँत २१९ (० दशमलव ०३ प्रतिशत), जैन २६ (० दशमलव ००३ प्रतिशत) र सिख दुईजना मात्र अर्थात् ( ० दशमलव ०००३ प्रतिशत) राष्ट्रिय जनगणना २०७८ मा उल्लेख छ ।

जिल्लामा जम्मा एक लाख ४० हजार ७३० घर छन् । जसमा ७९ प्रतिशत आवास, सात दशमलव ०७ प्रतिशत गोठ, धन्सार, मतान, व्यापार प्रयोजनका तीन दशमलव ०१ प्रतिशत छन् ।

जिल्लाको कुल साक्षरता प्रतिशत ५९ दशमलव आठ रहेकामा पुरुष साक्षरता ६८ दशमलव चार र महिला ५१ प्रतिशत रहेका छन् । जिल्लाको पछिल्लो दशकको जनसङ्ख्या वृद्धिदर एक दशमलव १४ प्रतिशत र लैङ्गिक अनुपात ९७ दशमलव ५८ प्रतिशत रहेको प्रकाशित तथ्याङ्कमा उल्लेख छ ।

# नेप्से परिसूचक २१ दशमलव ९९ अङ्कले घट्यो

काठमाडौं, ३ भदौ ⁄ रासस

यो साताको कारोबारको पहिलो दिन आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा २१ दशमलव ९९ अङ्कको गिरावट देखिएको छ । आजको कारोबारपछि नेप्से परिसूचक दुई हजार ११ दशमलव १४ बिन्दुमा कायम भएको हो ।

विभिन्न २६९ कम्पनीका ४४ लाख ५९ हजार ४५९ कित्ता शेयर ४३ हजार ३४६ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब ४४ करोड ७४ लाख आठ हजार ९४२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आज सबै समूहका उपसूचक रातो देखिएका छन् । सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक १७२ दशमलव ७३ र जीवन बीमा समूहको उपसूचक १३४ दशमलव ९० अङ्कले घटेका छन् । बैंकिङ समूह तीन दशमलव ६०, विकास बैंक ३५ दशमलव ६०, वित्त ११ दशमलव ०६, होटल तथा पर्यटन १०६ दशमलव २६ र जलविद्युत् ५० दशमलव ११ अङ्कले घटेका छन् ।

त्यसैगरी, लगानी समूह शून्य दशमलव ६९, उत्पादन तथा प्रशोधन ८८ दशमलव ५४, लघुवित्त ३२ दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव ०४, व्यापार ३६ दशमलव ६० र अन्य समूह २३ दशमलव ५७ अङ्कले घटेका छन् ।

आजको कारोबारमा २९ वटा कम्पनीका शेयर मूल्य बढ्दा १९० वटा कम्पनीका शेयर मूल्य घटेका छन् ।

फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै चार दशमलव ५७ अङ्कले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा एग्रिकल्चरल बैंक डिबेन्चर–२०८३ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु छ करोड ६३ लाख एक हजार ७० बराबरको शेयर किनबेच भएको छन् । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको एक लाख ४९ हजार २४० कित्ता शेयर खरीद–बिक्री भएका छन् ।

# सबैका लागि सुरक्षित 'साइबर स्पेस'

सूचना तथा सञ्चारको क्षेत्रमा पछिल्ला दिनमा खासगरी तीनवटा विषयले बारम्बार चर्चा पाउने गरेको छ। पहिलो हो, मोबाइल नेटवर्क तथा इन्टरनेट सुविधा देशभित्रको जुनसुकै बस्ती, राजमार्ग तथा सार्वजनिकस्थलमा उपलब्ध हुनुपर्ने र उक्त सुविधा गुणस्तरीय र भरपर्दो हुनुपर्ने। सारमा भन्नुपर्दा यो विषय आधारभूत आवश्यकताका रूपमा रहेको इन्टरनेट सेवामा नागरिकको पहुँचसँग सम्बन्धित छ। दोस्रो–कम्प्युटर र इन्टरनेटका साथै अन्य इलेक्ट्रोनिक उपकरण प्रयोग गर्दा साइबर सुरक्षाको प्रत्याभूति हो। यसका लागि नेपाल सरकारले हालै राष्ट्रिय साइबर सुरक्षा नीति जारी गरी सम्बोधन गर्ने अग्रसरता देखाएको छ। तेस्रो–सामाजिक सञ्जालको प्रयोग, थप व्यवस्थित र सिर्जनात्मक बनाउन यससँग जोडिएका मिथ्या सूचना र सामग्री तथा जथाभावी अरूलाई दुःख दिने तथा चरित्र हत्या गर्ने घटना नहुने वातावरण सिर्जना गर्नु हो। यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एउटा कार्यटोली बनाएर विज्ञ एवं सरोकारवालासँग परामर्श गरेर कानून मस्यौदा गर्ने कार्य अगाडि बढाएको छ। यी तीनवटै विषयले आधुनिक समयले सिर्जना गरेको डिजिटल पूर्वाधार निर्माण तथा त्यस्तो पूर्वाधारको सुरक्षित उपयोगतर्फ सङ्केत गरेको हुँदा सबैका लागि सुरक्षित साइबर स्पेस सिर्जना अहिलेको पेचिलो र निकासका लागि प्राथमिकता पाउनुपर्ने विषयका रूपमा देखापरेको छ।

विचार



नेत्र सुवेदी 'प्रयास'

**यी सबै उपलब्धताले हामीलाई हेर्न बाध्य त पार्दैनन् तर लोभ्याउन र लत बसाल्न प्रेरित गर्दछन्। हामीले फेसनका साइटहरू लाइक गर्‍यौं भने थरीथरीका फेसन देखिन थाल्दछन्, हामीजस्तो तस्बिर हेर्छौं, प्लेटफर्मले एल्गोरिदम प्रयोग गरेर मिल्दाजुल्दा सामग्री पस्कन थाल्दछन्।**

### 'डिजिटल डिभाइड' अन्त्य कसरी गर्ने ?

राज्यप्रदत्त सुविधा उपयोग गर्न एउटै देशका सबै स्थान वा भेगका नागरिकलाई बराबरी अधिकार छ र हुनुपर्दछ। कहीं दूरसञ्चार पूर्वाधारका रूपमा टेलिफोन र इन्टरनेटको राम्रो सुविधा हुनु र कहीं नहुनु वा भएपनि गुणस्तरीय नहुनु अनि प्रयोग गर्ने तरीका थाहा नहुनु डिजिटल डिभाइड हो। यस्तो हुनु नेपालको विकासको लागि चुनौती हो। यसको समाधान सम्भव छ। विकट बस्तीहरूमा, निकुञ्जहरूमा र कतिपय राजमार्गहरूमा टेलिफोन नेटवर्कले राम्ररी काम गर्दैन, डाटा चल्दैन र अप्टिकल फाइबर सुविधा पनि पुगेको छैन। जरूरी पर्दा वा दुर्घटनाका बेला समयमैं सूचना सम्प्रेषण भए मात्र जनधनको क्षति रोक्न सकिन्छ।

स्वाभाविकरूपमा सूचना प्रविधिसम्बन्धी आधारभूत पूर्वाधार प्राथमिकतामा रहनुपर्दछ। एउटै देशका नागरिकबीच सुविधामा भेद गर्न मिल्दैन र पाइँदैन। सबैका लागि आधुनिक सूचना प्रविधि सुविधा उपलब्ध हुनुपर्दछ। साथै, प्रयोगकर्तालाई सूचना प्रविधिको असल प्रयोग गर्न र जोखिमबाट बच्नका लागि सचेत र सजग बनाउने काम पनि राज्य अन्तर्गत रहेका निकायहरूको हुन्छ चाहे अन्य कुनै संस्थामार्फत नै भएको होस्। तीनै तहका सरकारहरूले यो विषयलाई गम्भीरतापूर्वक आफ्ना नीति, कार्यक्रम र व्यवहारमा उतार्न आवश्यक छ।

### राष्ट्रिय सुरक्षाकै महत्त्वपूर्ण आयाम साइबर सुरक्षा

जहाँजहाँ इन्टरनेटको पहुँच छ त्यहाँसम्म साइबर स्पेस फैलिएको मानिन्छ। माथि नै भनियो हामी इन्टरनेट सुविधा प्रयोग गर्ने अर्थात् साइबर युगमा छौं, जहाँ डिजिटल कारोबार र अनलाइन कार्यशैली जीवनका अभिन्न अङ्ग बनिसकेका छन्। वाइफाइ सुविधा तथा ब्रोडब्यान्ड कनेक्शन नहुँदा हामी के के न छुटेजस्तो महसूस गर्दछौं। यसको मतलब हो कि साइबर स्पेसमा हामीहरू अभ्यस्त भइसकेका छौं।

इन्टरनेट पनि आधारभूत आवश्यकतामा सूचीकृत भइसकेको छ। यसको अर्को पाटो भनेको साइबर आक्रमण बढ्नु हो। अपराधको स्थिति विश्लेषण गर्दा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरेर र यो प्रयोग हुने 'साइबर स्पेस' प्रयोग गरेर हुने अपराध बढ्दो क्रममा रहँदा साइबर सुरक्षाको विषय राष्ट्रिय सुरक्षाकै लागि चासो र चिन्ताको विषय बन्न पुगेको छ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना प्रविधिको प्रयोगमा सुरक्षा एवं विश्वासको प्रत्याभूति गरिने, साइबर अपराध रोकथाम तथा अभियोजन प्रणाली विकास गरिने, साइबर आक्रमण पहिचान, रोकथाम, प्रतिरक्षालगायत आयाम सम्बोधन गर्ने कुरामा जोड दिइएको छ। २०८१ असार मसान्तमा अवधि सकिने १५ औं आवधिक योजनामा साइबर सुरक्षाको विषय पनि परेको छ र आगामी १६ औं योजनामा समेत यो विषयले प्रवेश पाउने नै छ।

त्यसैगरी हालसालै नेपाल सरकारले जारी गरेको राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ले सुरक्षित र उत्थानशील साइबर स्पेस निर्माणको सोचसहित आगामी १५ वर्षभित्र नेपालको विश्वव्यापी साइबर सुरक्षा सूचकाङ्क स्कोर हालको ४४.९९ बाट ८० पुऱ्याउने लक्ष्यसहित कानून तथा कार्यविधि, संरचना, जनशक्ति विकास तथा अनुसन्धान, तथ्याङ्क सुरक्षा, निजी क्षेत्र तथा नागरिक समाजको समेत सहभागिता एवं अन्तर्राष्ट्रिय सहयोग र सहकार्यका विषयहरू समेटी रणनीति र कार्यनीतिहरू अघि सारेको छ।

कानून तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने, साइबर सुरक्षासम्बन्धी विषयलाई नजीकबाट निगरानी गर्नका लागि साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याउने, क्षमता विकास तथा साइबर सुरक्षासम्बन्धी शिक्षा र सचेतनाको उचित व्यवस्था गर्ने, देशभित्र र बाहिर रहेका सरोकारवालाहरूबीच सहयोग आदानप्रदानको वातावरण बनाउने र तथ्याङ्क सुरक्षाका लागि आवश्यक प्रवन्ध गर्नेलगायत प्रावधान नीतिमा समावेश गरिएको छ। विषयवस्तुको प्रकृति नै चलायमान र शीघ्र परिवर्तनशील रहेको हुँदा हरेक वर्ष नीतिमा पुनरवलोकन गर्ने उल्लेख हुनु पक्कै पनि राम्रो पक्ष हो।

### सामाजिक सञ्जालको नियमन

जहाँजहाँ इन्टरनेट पुगेको छ, त्यहाँ त्यहाँ प्रयोगकर्ताहरू सामाजिक सञ्जालमा जोडिने सम्भावना बढी छ र जो जो सामाजिक सञ्जालमा जोडिएका छन्, उनीहरू आपराधिक प्रवृत्तिका व्यक्तिबाट ठगिने वा शोषणमा पर्ने सम्भावना बढेर गएको छ। यसबाहेक डाटा चोरी हुने, रकम चोरी हुने र चरित्र हत्या हुने जस्ता घटनाहरू घटिरहेका छन्। सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा मिथ्या सूचना प्रवाह हुने क्रम बढेको छ। अनलाइन मिडिया लाइक, शेयर गर्ने मात्र हैन कि युजर क्रिएटेड कन्टेन्टहरूको प्रयोग गरी शेयर, लाइक, कमेन्टको सङ्ख्या हेरी कमाई हुने प्रावधानका कारण तथा भाइरल हुने सुरमा कतिपय सामाजिक र नैतिक पक्ष गौण हुने जोखिम बढेर गएको छ।

परम्परागतरूपमा प्रयोगमा रहेका र मूलधार मानिने पत्रपत्रिका, रेडियो, टेलिभिजनको तुलनामा सामाजिक सञ्जालमा आएका कन्टेन्ट, अनलाइन पत्रिका र ओटिटीमार्फत हुने प्रसारणका सूचना सामग्रीलाई प्रयोगकर्ताले पछ्याउन थालेका छन्। फलस्वरूप मिडिया दर्ता र नियमन गर्ने कानूनमा समेत नयाँपनको खाँचो देखिएको छ। विज्ञापन बजार पनि डिजिटल मिडियातर्फ झुकेको छ। हालसालै जारी विज्ञापन नियमावलीले केही न्यू मिडियाको विषय उठान गरेको छ। ओटिटी प्लेटफर्म सञ्चालन सम्बन्धमा राष्ट्रिय प्रसारण नियमावली संशोधनको क्रममा रहेको छ।

सामाजिक सञ्जालका धेरै प्लेटफर्महरू प्रयोगमा छन् जसले गेम खेलेर समय बिताउनेदेखि जुवाताश, लागू औषधको कारोबार र डेटिङ सुविधासम्म उपलब्ध गराउँदछन्। यी सबै उपलब्धताले हामीलाई हेर्न बाध्य त पार्दैनन् तर लोभ्याउन र लत बसाल्न प्रेरित गर्दछन्। यदि हामीले फेसनका साइटहरू लाइक गर्‍यौं भने थरीथरीका फेसन देखिन थाल्दछन्, हामीले जस्तो तस्बिर हेर्न थाल्यौं, प्लेटफर्मले एल्गोरिदम प्रयोग गरेर रुचि अनुसारका मिल्दाजुल्दा सामग्री पस्कन थाल्दछन्। यो क्रम बढ्दा हाम्रो सिर्जनशील समय बर्बाद हुँदैन ? यो विषयमा गम्भीरतापूर्वक विमर्श हुन आवश्यक छ।

बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिस्ट्रारको कार्यालयद्वारा प्रकाशित पुस्तक डिजिटल साक्षरतामा समेटिएको परिभाषा अनुसार सामाजिक सञ्जाल हुनका लागि आफ्नो पहिचानसहितको प्रोफाइल बनाउने ठाउँ भएको, प्रकाशित हुने सामग्री प्रयोगकर्ताले नै लेखेको, बोलेको, खिचेको वा अरूको सामग्री शेयर गरेको हुनुपर्ने र सामान्य तयार सामग्रीमा आफ्नो राय वा मत दिने अवसर प्रयोगकर्तालाई हुनुपर्दछ भनिएको छ। यस्तो सञ्जालमा दुई वा दुईभन्दा बढी प्रयोगकर्ताबीच दोहोरो अन्तर्क्रिया हुने अवसर हुनुपर्दछ।

सामाजिक सञ्जालले उस्तै रुचि र सम्बन्ध हुनेहरूबीच अन्तर्क्रिया भेटविना पनि सम्भव तुल्याउँछ त्यसैले यसलाई भर्चुअल कम्युनिटी पनि भनिन्छ। सामाजिक सञ्चालको लागि पूर्वाधार भनेको इन्टरनेट हो भने इन्टरनेटकै सहायताले प्लेटफर्म वा एपका रूपमा नयाँनयाँ सामाजिक सञ्जालहरू थपिंदै गएको देखिन्छ। सन् २००४ मा फेसबूकको शुरूआत हुनु अघिदेखि नै माइस्पेस, फ्रेन्डस्टर र लिंकडिनजस्ता प्लेटफर्म प्रयोगमा आइसकेका थिए। अहिले आएर सयभन्दा बढी सामाजिक सञ्जाल प्लेटफर्म सक्रिय सञ्चालनमा रहेको बताइन्छ।

साइबर स्पेस भन्नेबित्तिकै इन्टरनेट जहाँजहाँ प्रयोग हुन्छ त्यहाँसम्मको दायरा समेटिने हुँदा सामाजिक सञ्जाल पनि साइबर क्राइम हुने सम्भावित क्षेत्र हुने नै भयो। नेपाल सरकारले पहिलोपटक जारी गरेको उल्लिखित नीतिले सामाजिक सञ्जालको प्रयोग सुरक्षित प्रयोगतर्फ समेत इंगित गरेको छ। साइबर सुरक्षाका लागि निरन्तर अनुगमन गरी सुरक्षित अनलाइन स्पेस निर्माण गर्ने रणनीति अन्तर्गत कार्यनीतिका रूपमा इन्टरनेट तथा सामाजिक सञ्जाल प्रयोग गरी भ्रामक जानकारी सम्प्रेषण गर्ने कार्य नियन्त्रण गर्ने, महिला, बालबालिका वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिविरुद्ध लक्षित अनलाइन सेवाहरू निषेध गर्ने, इन्टरनेट तथा सामाजिक सञ्जाल प्रयोगबाट हुने विभिन्न प्रकारका हिंसा एवं भेदभाव नियन्त्रण गर्ने, राष्ट्रिय सुरक्षामा आँच पुऱ्याउने, घृणा वा द्वेष फैलाउने अनलाइन उत्पीडन र साइबर बुलिङ गर्ने सामाजिक तथा साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने, अश्लीलता फैलाउने किसिमका डिजिटल सामग्रीको सम्प्रेषण निषेध गरिने र स्पाम मेसेजहरू सम्प्रेषण गर्ने कार्य नियन्त्रण गरिने विषय समेटेको छ।

सामाजिक सञ्जाल नियमनका लागि बन्ने कानूनको मस्यौदामा खासगरी नेपालको संविधानले व्यवस्था गरेको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको मर्मलाई आत्मसात् गर्दै रचनात्मक र समाजका लागि पाच्य हुने वातावरण सिर्जना गर्नेगरी कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ। कानूनको मस्यौदा गरिरहँदा खासगरी सामाजिक सञ्जाल र यसको गलत प्रयोगसम्बन्धी शब्दावली र तिनको परिभाषा स्पष्ट उल्लेख भएको हुनुपर्दछ।

त्यस्तैगरी सूचीकरण वा दर्ता प्रक्रिया समावेश गर्नुपर्दछ। यसबाट सरकारले वा आमनागरिकले सोसल साइटलाई चिन्न सकोस्। दर्ता प्रक्रिया सरल र अनलाइन तवरले गने सकिनेसम्म उक्त उपाय अवलम्बन गर्नुपर्दछ। सम्भव भएसम्म स्वनियमनका उपायहरू कानूनले समेट्नु उपयुक्त हुन्छ। यसमा प्लेटफर्म सञ्चालकहरूको दायित्वका साथै कोड अफ प्राक्टिस र शिक्षा तथा सचेतनाका विषयहरू समेटिन सकोस्।

यसैगरी सामाजिक सञ्जालको प्रयोग गर्दा हुन सक्ने गल्ति कमजोरी सत्यापन गर्ने विधि र प्रविधिका सम्बन्धमा पनि कानूनले छुटाउनुहुँदैन। साथै, हालका कानूनले समेट्न नसकेका र समेटेको भएपनि निष्प्रभावी भएका के कस्ता गलत काम, कुन वर्गको देवानी वा फौजदारी अपराध मान्ने र सजाय के कति गर्ने भन्ने विषयमा ज्यादा बहस हुनु जरूरी छ। यसका साथै दर्ता तथा नियमन गर्ने निकाय तथा जिम्मेवार अधिकारीको प्रबन्ध पनि कानूनले गर्दछ नै। साथै, सूचना प्रविधिका सम्बन्धमा प्रचलनमा रहेका कानूनसँग नयाँ बन्ने कानूनको सम्बन्धमा पनि प्रस्टता ल्याउनु आवश्यक हुन्छ। ज्यादा महत्त्वपूर्ण विषय त विगतमा भएका अभ्यासबाट सिक्दै उस्तै खालका कमजोरीहरू यो कानूनमा दोहोरिनुहुँदैन।

### सामाजिक सञ्जाल नियमन सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास

विश्वका २८ वटा देश आबद्ध युरोपेली युनियनले सन् २०२२ मा जारी गरेको 'डिजिटल सर्भिसेज एक्ट'ले अनलाइन प्लेटफर्मले डिजिटल कन्टेन्टका सम्बन्धमा नयाँ मापदण्डको प्रस्ताव गरेको छ। प्रयोगकर्ताको अधिकारको संरक्षण गर्दै कानूनविपरीतका कन्टेन्टको प्रवाहलाई सीमित गर्दै जाने उद्देश्य यो कानूनले राखेको बताइन्छ। सबै सदस्य राष्ट्रहरूले अनुमोदन गर्नुपर्ने हुँदा यो मापदण्डको पूर्ण कार्यान्वयन भने हुन बाँकी छ। बेलायत, जर्मनी र अस्ट्रेलियामा इ–सेफ्टी कमिशनको अवधारणा प्रयोगमा छ।

अमेरिकामा, अनलाइन प्लेटफर्मको पक्षमा त्यहाँको कार्यविधि रहँदै आएकोमा, हालैका दिनमा अनलाइन कन्टेन्टका साथै साइट सञ्चालकले प्रयोग गर्ने अल्गोरिदमको पारदर्शितासहितको विधेयक संसद्मा विचाराधीन रहेको छ। चीनमा विकसित टिकटकमा प्रतिबन्ध लगाएको भारतले अनलाइन कन्टेन्टसम्बन्धी इन्टरमेडियाटरिजलाई जिम्मेवार बनाउने विभिन्न शर्तसहित सूचना प्रविधिसम्बन्धी नियम २०२१ मा जारी गरेकोमा सन् २०२३ मा संशोधन गरेको छ। प्लेटफर्महरूकै तर्फबाट स्वनियमनका सन्दर्भमा सन् २०१८ देखि प्रयोगमा रहेको मानिने सान्टाक्लारा सिद्धान्तले पनि केही हदसम्म अनुशासन तथा मानकतर्फ सङ्केत गर्दछन्।

अन्त्यमा, जस्तोसुकै चामत्कारिक विशेषतासहितको प्रविधि किन नहोस् यसको सदुपयोग भएन भने मानव सभ्यता र समाजले पाउने कम र गुमाउने बढी हुने जोखिम रहन्छ। सूचना प्रविधिका उपकरण र त्यसमा पनि इन्टरनेटको प्रयोग बढ्दै जाँदा यससँग जोडिएको साइबर जोखिम पनि बढेको छ। सामाजिक सञ्जालले विश्व नै जेलिएको बेला केही राम्रा पक्ष हुँदाहुँदै पनि यसले सिर्जना गर्न सक्ने अफवाह, हिंसा एवं मानवीय अन्तर्सम्बन्धमा देखिने प्रतिकूलता बढ्न नदिन सामाजिक सञ्जालका प्रयोगकर्ता, सञ्चालक र राज्यका तर्फबाट पनि उचित मापदण्ड वा स्वनियमन हुनु आवश्यक छ। यो विषयमा संवाद गरी निकास खोज्न ढिलाइ गर्नुहुँदैन।

(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन्–रासस)

## फरक समाचार

## के हो फिजटिङ ?

कार्यालय वा घरमा कुर्सीमा बसेको समयमा खुट्टा हल्लाउनु, कुर्सी घुमाउनु वा पेनसँग खेल्नु अशिष्टता भएपनि यस्तो गर्नु स्वास्थ्यको लागि फाइदा पुग्ने विशेषज्ञले



बताएका छन्। यस गतिविधिलाई फिजटिङ भनिन्छ, जुन एक प्रकारको व्यायाम हो। व्यक्तिको यो चञ्चलताले उसको शरीरलाई सक्रिय राख्नुका साथै विभिन्न रोगबाट बचाउने गर्छ।

लिड्स युनिभर्सिटीका पोषण विशेषज्ञ जेनेट कैडको भनाइ छ, यस्तो व्यवहारलाई सामान्यरूपमा अशिष्टता, घबराहट र ध्यान नदिएको भन्न सकिन्छ तर यो सजिलो गतिविधिले हामीलाई वजनमा काबु गर्न, तनावबाट बच्न र लामो समयसम्म जीवित रहन मदत गर्छ। यहाँसम्म कि खुट्टा थपथपाउनेजस्तो हलुका गतिविधिले पनि हाम्रो अतिरिक्त क्यालोरी जलाउन मदत गर्छ।

यस सम्बन्धमा २४ जनामाथि अध्ययन गरिएको थियो। बसेर यस्तो गतिविधि गर्दा २९ प्रतिशत र उभिएर हिंड्डुल गर्दा ३८ प्रतिशतभन्दा बढी क्यालोरी बर्न गर्न सकिन्छ। एउटा अध्ययनमा ४२ जना व्यक्तिलाई तनावपूर्ण स्थितिमा साक्षात्कार गरिएको थियो। तिनीहरूलाई गणितको प्रश्न हल गर्न भनिएको थियो। जो व्यक्तिले प्रश्न हल गर्ने समयमा कपाल मिलाउने, पेनसँग खेल्नेजस्ता गतिविधि गरिरहेका थिए, उनीहरूमा कम तनाव अनुभव भएको थियो।

फिजिटिङको फाइदा यस कारण हुन्छ कि कामको समय एकै ठाउँमा बसिरहँदा हुने खतरालाई घटाउँछ। टेनिसमा सर्भ गर्नुभन्दा पहिले बललाई जमीनमा उफार्नु आवश्यक हुँदैन तर धेरैजसो खेलाडीले यसो गर्दा उनीहरूको खेलप्रति ध्यान केन्द्रित हुन मदत पुग्ने बताएका छन्।

एउटा अन्य अध्ययनमा आठ साताको अवधिमा १६ जना दुब्ला व्यक्तिलाई प्रतिदिन एक हजार अतिरिक्त क्यालोरी खुवाइएको थियो। यसमा फिजटिङको प्रभाव जाँच गरियो। केही प्रतिभागीले बोसो बढ्नबाट रोक्न सके किनभने उनीहरूले कामको समयमा यस्तै गतिविधि गरिरहेका थिए। फोन कल लिने समयमा उभिनुदेखि लिएर घुमफिर गरेर कुरा गर्दा पनि यस प्रकारको अन्तर देखिएको थियो।

क्यालिफोर्निया युनिभर्सिटीका न्युरोसाइन्टिस्ट मैकस मेलिन भन्छन्–गतिहीन रहनु स्वास्थ्यको लागि राम्रो होइन। केही गरिरहनु मस्तिष्कको प्रदर्शनको साथ गहिरो सम्बन्ध हुन्छ। यसले आवश्यक परेको बेला सही स्तरको ऊर्जा दिन्छ, एकाग्रता बढाउन मदत गर्छ।

## सुँघ्ने क्षमता किन कमजोर हुन्छ ?

सुँघ्ने क्षमता कमजोर हुनु गम्भीर रोगको सङ्केत पनि हुन सक्छ। यसबाट अल्जाइमर र पार्किन्सन्सजस्तो न्युरोडिजेनेरेटिभ रोगको खतरा रहन्छ साथै



डिप्रेशन हुने सम्भावना पनि बढ्छ। अमेरिकामा जोन हपकिन्स मेडिसिनका वैज्ञानिकले गरेको शोध अनुसार जुन व्यक्तिको सुँघ्ने क्षमता जति कमजोर हुन्छ उसको मानसिक स्थिति पनि खराब हुन थाल्छ। यस शोधमा सहभागी प्राध्यापक विद्या कामथले भनिन्– मानिसमा सुँघ्ने क्षमताले धेरै कुरालाई प्रभावित गर्छ। अध्ययनले यस सङ्केतलाई बेकार संज्ञान र सुजनसँग जोडेर हेरेको छ। यो अध्ययन आठ वर्षसम्म भएको थियो र यसमा दुई हजार व्यक्ति सहभागी भएका थिए। लक्षण महसूस भएपछि तुरून्तै चिकित्सकसँग सम्पर्क गर्नुपर्छ।

शोधमा सहभागी प्राध्यापक कामथले भनिन्– जब कसैको सुँघ्ने क्षमता कमजोर हुन्छ तब यो अल्जाइमर र पार्किन्सन्सजस्तो न्युरोडिजेनेरेटिभ रोगको सङ्केत पनि हो। यस अवस्थामा चाँडै चिकित्सकसँग सल्लाह लिनुपर्छ। साथै जो व्यक्ति डिप्रेशनबाट ग्रस्त छन् उनीहरूले पनि यथाशीघ्र चिकित्सकसँग सम्पर्क गर्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



# अन्तर्राष्ट्रिय समाचार

## कुन्मिङ मेलामा छपन्न अर्ब अमेरिकी डलरको लगानी सम्झौता



तस्वीर: एजेन्सी/फाइल

कुन्मिङ, ३ भदौ/सिन्हवा

सातौं चीन–दक्षिण एशिया व्यापार मेला सम्पन्न भएको छ। मेलामा ५६ अर्ब १० करोड अमेरिकी डलर बराबरका ३३८ वटा परियोजनामा हस्ताक्षर भएका छन्।

कोभिड–१९ महामारीपछि चीन–दक्षिण एशिया व्यापार मेला भौतिकरूपमा पहिलोपटक आयोजना गरिएको हो। दक्षिण–पश्चिम चीनको युनान प्रान्तको राजधानी कुन्मिङमा आयोजना भएको पाँच दिने मेलामा ८५ देश, क्षेत्र र अन्तर्राष्ट्रिय सङ्घसंस्थाका ३० हजारभन्दा बढी प्रदर्शकका साथै प्रतिनिधि र पाहुना सहभागी भएका थिए।

सन् २०१३ मा राष्ट्रपति सी जिनपिङले विश्व विकासको विशाल परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) घोषणा हुँदा कुनमिङमा पहिलो चीन–दक्षिण एशिया एक्सपो आयोजना भएको थियो। विगतका वर्षहरूमा भन्दा यो वर्ष मेलामा सहभागी देश, क्षेत्र र अन्तर्राष्ट्रिय संस्थाको सङ्ख्या दोब्बरले वृद्धि भएका छन्।

१० वर्षपछि व्यापार, लगानी, पर्यटन सहयोग र सांस्कृतिक आदानप्रदानलाई एकीकृत गर्ने बृहत् व्यापार मेला चीन र दक्षिण एशियाली देशका साथै अन्य देशबीचको व्यापारिक आदानप्रदानका निम्ति उपलब्धिमूलक भएको मेला आयोजक युनान प्रान्तीय सरकारले जनाएको छ।

बितेको एक दशकमा व्यापार मेलाले चीन र दक्षिण एशियाबीचको घनिष्ठ सम्बन्ध उजागर गर्नाका साथै चीन र दक्षिण एशियाली देशबीचको व्यापारको मात्रामा दोब्बरले बढोत्तरी मात्र भएको छैन अपितु चीन वर्षौदेखि पाकिस्तान, बङ्गलादेश र माल्दिभ्सको सबैभन्दा ठूलो व्यापारिक साझेदार बनेको छ। रासस

## राष्ट्रपति मुर्मु र उपराष्ट्रपति धनखरद्वारा शोक व्यक्त

नयाँ दिल्ली, ३ भदौ/एएनआई

राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखरले शनिवार लद्दाखको लेह जिल्लामा सडक दुर्घटनामा नौजना सैनिकको मृत्यु भएकोमा शोक व्यक्त गरेका छन्।

सैनिक अधिकारी सवार ट्रक सडकबाट चिप्लिएर गहिरो खाडलमा खस्दा उनीहरूको मृत्यु भएको थियो। राष्ट्रपति मुर्मुले दुर्घटनाको खबरले मर्माहत भएको बताउँदै दिवङ्गत सैनिकलाई उनीहरूको निस्स्वार्थ बलिदानको लागि कृतज्ञताका साथ राष्ट्रले सधैं सम्झने बताएकी छन्।

"लेहमा भएको सडक दुर्घटनामा भारतीय सेनाका जवानहरूको ज्यान गएको थाहा पाउँदा गहिरो दुःख लागेको छ। शोकसन्तप्त परिजनमा हार्दिक समवेदना प्रकट गर्दछु। भगवान्ले उहाँहरूलाई यो दुःख सहने शक्ति प्रदान गरून्। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु"–राष्ट्रपतिले सामाजिक सञ्जालमा लेखेकी छन्।

यसैगरी उपराष्ट्रपति जगदीप धनखरले ज्यान गुमाएका सैनिकका शोकसन्तप्त परिजनमा समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

प्रतिरक्षा अधिकारीहरूका अनुसार आइतवार अपराह्न भएको उक्त दुर्घटनामा एकजना मात्र बाँचेका छन्। सेवा क्षेत्र अदलबदलका क्रममा आफ्ना सरसामान लिएर गइरहेका बेला उनीहरू दुर्घटनामा परेका हुन्। घाइते जवानको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले पनि लद्दाखमा सेनाको ट्रक दुर्घटनामा मृत्यु भएका सैनिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतकका शोकाकुल परिवारमा समवेदना व्यक्त गर्दै घाइतेको स्वास्थ्य लाभको कामना गरेका छन्। रासस

## यात्रीवाहक बसमा आगो लाग्दा बीसजनाको मृत्यु, पन्ध्र घाइते

इस्लामाबाद, ३ भदौ/सिन्हवा

पाकिस्तानको पञ्जाबमा यात्रीबसमा आगलागी हुँदा २० जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन्। घाइतेमध्ये तीनजनाको अवस्था गम्भीर छ।

पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको हाफिजाबाद जिल्लामा आज बिहान यात्रीवाहक एउटा बसले इन्धन बोकेको अर्को गाडीलाई ठक्कर दिँदा यात्रीबसमा आगो सल्केको थियो।

फैसलाबाद टोल प्लाजाको राजमार्गमा बिहान सबेरै भएको उक्त दुर्घटनाबारे जानकारी प्राप्त हुनासाथ उद्धारकर्मी घटनास्थल पुगेर घाइतेहरूलाई अस्पताल पुऱ्याएका थिए। उद्धार सेवाका अधिकारीका अनुसार बसमा करीब ४० यात्री सवार थिए।

दुर्घटनाग्रस्त बस देशको दक्षिणी बन्दरगाह शहर कराँचीबाट सङ्घीय राजधानी इस्लामाबादतर्फ गइरहेको थियो। दुवै सवारी साधनका चालक दुर्घटनामा मारिएका छन्।

अघिल्लो साता पञ्जाब प्रान्तमा भएका २,८९३ वटा शृङ्खलाबद्ध सडक दुर्घटनामा २६ जनाले ज्यान गुमाएका थिए भने ३,१११ जना घाइते भएका थिए।

आपत्कालीन सेवा विभागका अनुसार ९९ जनाको टाउकोमा गम्भीर चोट लागेको, १८७ जनाको विभिन्न अङ्ग भाँचिएको, ८५० जना घाइते अस्पताल भर्ना भएका थिए। ८९१ जना घाइते भने सामान्य उपचारपछि घर फर्केका छन्।

यसैबीच देशको उत्तरी वजिरिस्तानको गुल्मिर कोट क्षेत्रमा भएको बम विस्फोटमा ११ जना मजदूरको मृत्यु भएको छ भने दुईजना घाइते भएका एआरवाई न्युजले जनाएको छ। मजदूर चढेको एउटा भ्यानमा बम विस्फोट हुँदा उक्त हताहती भएको सुरक्षा अधिकारीहरूले बताएका छन्। विस्फोटसम्बन्धी विस्तृत विवरण आउन बाँकी छ।

अघिल्लो साता वजिरिस्तानको बाजौरमा ठूलो आत्मघाती विस्फोट भएको थियो। चुनावीसभामा सहभागी हुन गएकाहरूलाई लक्ष्य गरी गराइएको उक्त विस्फोटमा २३ जना बालबालिकासहित ६३ जनाको मृत्यु भएको थियो। इस्लामिक स्टेट समूहले गराएको उक्त आक्रमणमा दुई सयभन्दा बढी मानिस घाइते भएका थिए। रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# बढ्यो फूलको कारोबार

काठमाडौं ३ भदौ/रासस

आर्थिक वर्ष २०७९/८० मा पुष्प व्यवसायमा रु तीन अर्ब सात करोडको वार्षिक कारोबार भएको छ। उक्त कारोबार आर्थिक वर्ष २०७८/७९ भन्दा रु ७७ करोडले बढी हो।

कोरोना महामारीको त्रास कायमै रहेकाले आव २०७८/७९ मा रु दुई अर्ब ३० करोडको वार्षिक फूलको कारोबार भएको थियो।

अघिल्लो आर्थिक वर्षको भन्दा ३३ दशमलव ६३ प्रतिशतले बढेर आव २०७९/८० मा रु तीन अर्ब सात करोडको कारोबार भएको फ्लोरिकल्चर एशोसिएशनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिए।

गत आर्थिक वर्षका लागि एशोसिएशनले रु तीन अर्बको कारोबार हुने अनुमान गरेको भएपनि लामो समय कोरोना महामारीको कारण थला परेको यस व्यवसायले पुरानै लय लिएसँगै कारोबार रकम बढेको हो।

विशेषगरी, विवाह, व्रतबन्ध, सभा सम्मेलन, सेमिनारमा बढी प्रयोग हुने फूल पाँच वर्षअघि विश्वभर फैलिएको कोरोना महामारीको समयमा अत्यन्तै कम कारोबार भएको थियो। उक्त समयमा कारोबार मात्र कम नभई लाखौं फूलहरू नष्ट भएका थिए।

कोरोनाअघि हरेक वर्ष यस व्यवसायले वार्षिक रु तीन अर्ब ३० करोडसम्मको कारोबार गर्ने गरेको थियो। यसमा वार्षिक रु १८ करोडको रातो गुलाफ फूलको मात्रै कारोबार हुने गरेको थियो।

विशेषगरी, तिहारमा प्रयोग हुने मखमली र गोदावरी फूल स्वदेशी उत्पादनले नै पुग्ने गरेको भएपनि तिहारमा नै प्रयोग हुने सयपत्री र अन्य समयमा प्रयोग हुने रातो गुलाफ भने छिमेकी मुलुक भारतबाट ल्याउनुपर्ने बाध्यता टरेको छैन।

कोरोना महामारीअघि गुलाफको आन्तरिक उत्पादन राम्रो रहे पनि पछिल्लो समय यसको उत्पादन घट्दै गएको कारण पनि हरेक वर्ष आयात गर्ने गुलाफको मात्रा र मूल्य बढ्दै गइरहेको बताइएको छ।

नेपालमा विसं २००७ देखि शुरु भएको पुष्प व्यवसाय शहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको भएपनि बजार माग अनुसार स्वदेशी उत्पादनले नै धान्न सक्ने अवस्था नभएको एशोसिएशनले बताएको छ।

रातो गुलाफ विशेषगरी काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकमा व्यावसायिकरूपमा लगाउने गरिएको छ। फूलको मागमा आएको वृद्धिसँगै विशेषगरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४८ जिल्लामा लगभग ५०५ नर्सरी विस्तार भएका छन्।

व्यावसायिकरूपमा ४५० प्रजातिका फूल नेपालमा उत्पादन हुँदै आएका छन्। यस व्यवसायबाट ४४ हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा लाभ लिएका छन्। नेपालमा लगभग २२१ हेक्टर क्षेत्रफलमा एक हजार ११६ व्यवसायीले यसको खेती गर्दै आएका छन्। यस व्यवसायमा लगभग रु सात अर्ब बढीको लगानी रहेको बताइएको छ।

अहिले महामारीको त्रास छैन। मठमन्दिर, पार्टी प्यालेस पूर्ववत्रूपमा नै सञ्चालनमा छन्। विभिन्न किसिमका सभा–सम्मेलन र पर्यटन व्यवसाय पनि सञ्चालमा आउँदा फूलको व्यापार पूर्ववत् हुन थालेको छ। गत आर्थिक वर्षको वैशाखमा स्थानीय तहको निर्वाचन तथा मङ्सिरमा भएको आमनिर्वाचनका कारण पनि उल्लेख्य मात्रामा फूलको कारोबार भएको अध्यक्ष तामाङ बताउँछन्।

रमाइलो र उत्सवमा बढी प्रयोग हुने फूल कोरोना महामारीका कारण बारीमै खेर जान थालेपछि महामारीको समयमा यस व्यवसायमा आबद्ध जनशक्ति अन्य पेशामा समेत पलायन भएको बताइएको छ। विगत चार वर्षदेखि निकै नोक्सानीको सामना गरिरहेको यस व्यवसायले गत आवमा भने अनुमानित लक्ष्यभन्दा बढी आर्थिक कारोबार गरेको छ।

**कामपाको निर्णयले कारोबार बढ्ने अनुमान**

काठमाडौं महानगरपालिकाले गत साउन १ गतेदेखि प्लास्टिकबाट निर्मित फूल र सजावटका सामग्री बिक्री वितरणमा रोक लगाएसँगै फूलको कारोबार बढ्ने अनुमान गरिएको छ। बोटमा फुल्ने फूल र प्लास्टिकबाट निर्मित सजावटका सामग्रीमध्ये ६० प्रतिशत काठमाडौं उपत्यकामा प्रयोग हुने गरेको छ।

कामपाले एकल प्रयोगको प्लास्टिकलाई निषेध गर्ने, प्लास्टिकको फूलगुच्छा उत्पादन, बिक्री वितरण र आयातमा समेत रोक लगाएकाले उत्पादित फूलको कारोबार थप बढ्ने अनुमान गरिएको हो।


### भूमिसुधार तथा मालपोत कार्यालय, बारा, कलैयाको ३० दिने सार्वजनिक सूचना

उपरोक्त विषयमा वादी मोही जिल्ला बारा गाविस अमाव वडा नं ९ हाल कोल्हवी नपा वडा नं १० मा बस्ने सन्त चौधरी प्रतिवादी जगगधनी जिल्ला पर्सा वीमनपा वडा नं ७ मा बस्ने सञ्जयकुमार केडिया भएको बाँडफाँड मुद्दामा तपसिलका जग्गाको बाँडफाँड गरिपाउँ भनी वादी सन्त चौधरीले दिएको निवेदनमा प्रतिवादी सञ्जयकुमार केडियाको नाममा म्याद जारी हुँदा म्याद तामेल हुन नसकेको भनी भूमिसुधार तथा मालपोत कार्यालयमा चनं १ मिति २०८०/४/१० को पत्रद्वारा फिर्ता आएकोले यो ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० दिनभित्रमा आफूसँग भएको लिखित प्रमाण लिई हकदावी गर्न आउनुहोला। म्यादभित्रमा आफू वा कानुनबमोजिमको वारेस हाजिर नभएमा कानुनबमोजिम आधी-आधी बाँडफाँड भइजानेछ पछि उजुर लाग्नेछैन।

तपसिल

| जग्गाधनी | गाविस | वडा नं | कित्ता नं | जवितर्फ |
|---|---|---|---|---|
| सञ्जयकुमार केडिया | अमाव | ९ | २९७ | ०-९-० पूर्वतर्फबाट आधी मोहीलाई र दक्षिणतर्फबाट आधी जग्गाधनीलाई |



### वीरगंज महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
मधेस प्रदेश (नेपाल)

सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका 'निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक, ल्याब, डाइग्नोस्टिक सेन्टर, X-Ray, CT Scan, MRI, आयुर्वेद क्लिनिक, होमियोपैथिक क्लिनिक, फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, जेरियाट्रिक परामर्श केन्द्र, डेन्टल क्लिनिक, अप्टिकल्स (चश्मापसलहरू), प्रयोगशालाहरू, औषधि फार्मेसीहरू (थोक तथा खुद्रा) र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरू' यस कार्यालयमा सञ्चालन स्वीकृतिविना सञ्चालनमा रहेका तथा आव २०८०/८१ अवधिका लागि नवीकरण गर्न हालसम्म पनि आवश्यक कागजातहरूसहित यस कार्यालयमा निवेदन दर्ता पेश नगरेका सेवाप्रदायक स्वास्थ्य संस्थाहरूले सात (७) दिनभित्र यस कार्यालयमा अनिवार्यरूपमा संस्था दर्ता/नवीकरण गराउनुहुनका साथै यस वीरगंज महानगरपालिकामा व्यवसाय दर्तासमेत गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको अवधिभित्र संस्था दर्ता/नवीकरण र व्यवसाय दर्ता नगराउने संस्थालाई नियमानुसार कारबाई भई जाने बेहोरासमेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।



### श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय

रतनपुर, निजगढ-११ (बारा)

## शिक्षक आवश्यकता

यस विद्यालयको विव्यसको मिति २०८०/५/१ गतेको निर्णय तथा निजगढ नगरपालिकाको मिति २०८०/०४/३१ गतेको पत्र अनुसार प्रावि राहत (महिला) कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्तिले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक कागजातसहित नेपाली नागरिकबाट दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. सूचना प्रकाशित मिति:– २०८०/५/३
२. विज्ञापन नं ०१/२०८०/८१
३. तह:– प्रावि राहत (महिला)
४. पद सङ्ख्या:– १ (एक)।
५. शैक्षिक योग्यता:– प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको।
६. उमेर :– १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
७. परीक्षा दस्तुर :– १,००५/– (एक हजार पाँच रुपियाँ मात्र)।
८. दरखास्त बुझाउने स्थान र समय :– श्री नेरामावि, रतनपुर, निजगढ– ११, विद्यालय खुल्ला रहेको समयावधिसम्म।
९. दरखास्त दिने मिति :– २०८०/५/३ देखि २०८०/५/१७ गतेसम्म।
१०. आवश्यक कागजातहरू:– नागरिकताको प्रतिलिपि–१ प्रति, शैक्षिक योग्यता प्रमाणपत्रहरू एक/एक प्रति, स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि–१ प्रति र शिक्षक सेवा आयोगले निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि।
११. शिक्षक सेवा आयोगको करार सूचीबाट आवेदन पर्न आएमा खुल्ला उम्मेदवारको आवेदन फिर्ता गरिनेछ।
१२. कुनै पनि शर्त राखी पेश गरेको आवेदन स्वीकार्य हुनेछैन।


**विज्ञापन ...**

सङ्ख्याका आधारमा स्तर निर्धारण हुनेछ। बोर्डले सवारीसाधनको आवागमन हुने ठाउँमा डिजिटल र होर्डिङ बोर्ड राख्न र त्यस्ता बोर्डमा विदेशी कलाकार वा व्यक्तित्वका तस्बिर राख्न नदिने पनि तयारी गरेको छ। यस्तै, सवारीसाधनमा राखिने विज्ञापनको आकार प्रकारबारे पनि बोर्डले मापदण्ड बनाउनेछ। डिजिटल बोर्डमा गरिने विज्ञापनको १० प्रतिशत सूचना सार्वजनिक हित र जनहितसँग सम्बन्धित हुनुपर्ने, डिजिटल माध्यममा विज्ञापन दिंदा आधिकारिक च्यानल र ऐन, नियमबमोजिम सञ्चालनमा रही बोर्डमा सूचीकृत हुनुपर्ने भएको छ।

यस्तै, विदेशी कार्यालय वा सङ्घसंस्थासँग प्रसारणको स्वीकृति लिई नेपाली विज्ञापन प्रसारण गर्ने भएमा बोर्डबाट अनुमति लिनुपर्ने अध्यक्ष हुमागाईंले बताए। सङ्घीय संसद्को दुवै सदनबाट पारित विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ राष्ट्रपतिबाट २०७६ कात्तिक ८ गते प्रमाणीकरणपछि बोर्डको स्थापना भएको थियो।

# ऐतिहासिक पर्सागढी मन्दिर पुग्न भक्तजनलाई सास्ती



सिङ्गाही खोलाको ह्युमपाइप बगाएपछि खोला तर्दै एकजना व्यक्ति । तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, ३ भदौ/

पर्सागढी नगरपालिकाको ऐतिहासिक तथा धार्मिकस्थल पर्सागढी मन्दिर जाने सडक तथा खोलामा रहेका ह्युमपाइप गत साता आएको वर्षाले बगाएपछि पर्यटक तथा भक्तजनहरूलाई समस्या भएको छ । सो ठाउँको युद्धस्थल अवलोकन गर्न आउने पर्यटक तथा पर्सागढी मन्दिरमा पूजापाठ गर्न आउने भक्तजनहरूले सास्ती भोग्नुपरेको छ ।

मन्दिरभन्दा ७० मिटर वर रहेको सिङ्गाही खोलामा रहेको ह्युमपाइप गत साता आएको वर्षाले बगाएपछि मन्दिर तथा युद्धस्थल पुग्ने भक्तजन, पर्यटकहरूले कम्मर बराबरको खोला तर्नुपर्छ ।

त्यस्तै, वर्षाको पानीले सो स्थानका सडक कटान गरेको पर्सागढीका सरोज चौधरीले बताए । उनले सडक तथा कल्भर्ट निर्माण गर्न स्थानीय सरकारले ध्यान दिनुपर्ने बताए ।

विसं १८७१ पुस १९ गते स्थानीय रञ्जीत चौधरीको युद्धनीति तथा स्थानीयवासीको सक्रियतामा ब्रिटिश सेनालाई पराजित गरेको पर्सागढी युद्धस्थलमा वर्षको एकपटक विजय महोत्सव मनाइने गरिन्छ । सो क्षेत्रको विकास निर्माणमा पनि स्थानीय सरकारले कुनै चासो नदेखाएको चौधरीले बताए ।

पर्सागढीका प्रमुख गोकर्ण पाठकले गत साता वर्षाको कारण पर्सागढीका विभिन्न स्थानमा कटान गरेका सडक तथा ह्युमपाइप मरम्मत गर्ने बताए । उनले पर्सागढी युद्धस्थललगायत पर्सागढी नगरभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलको स्तरोन्नति पनि गर्ने बताए ।

# खेलकूदको संसार

## बक्सर घिमिरेलाई उपाधि

काठमाडौं, ३ भदौ/रासस

नेपालका अन्तर्राष्ट्रिय किक बक्सिङ खेलाडी अविरल घिमिरेले जापानको टोकियोमा आयोजित 'प्रोफेशनल किक बक्सिङ हिट ५२ च्याम्पियनशिप'को उपाधि जितेका छन् । शनिवार दक्षिण कोरियाली खेलाडी चाङ ओन याङलाई हराउँदै उनी च्याम्पियन बनेका हुन् ।



तस्वीरः रासस

'हिमालय चितुवा'का रूपमा विश्वप्रसिद्ध घिमिरेले दक्षिण कोरियाली खेलाडी याङलाई किक बक्सिङ प्रतियोगितामा नकआउट गरेका थिए । सो प्रतियोगितामा भिड्ने घिमिरे पहिलो नेपाली बक्सर हुन । प्रतियोगिताको पुरुष स्पर्धामा घिमिरेले एक मिनेट ५५ सेकेन्डमैं प्रतिद्वन्द्वी याङलाई रिङमा ढालेका थिए । जापानमा रहेर किक बक्सिङको व्यावसायिक खेल खेल्दै आएका बक्सर घिमिरेले बक्सिङ हिट प्रतियोगिताका १३ वटा खेल जितिसकेका छन् । उनले तीनपटक टाइटल म्याचको उपाधि जित्न सफल भएका छन् ।

घिमिरेले हालसम्म जापान, दक्षिण कोरिया, ब्रजील, बोलिभिया, नेदरल्यान्ड, थाइल्यान्डलगायत देशका बक्सरलाई पराजित गरिसकेका छन् । उनी अन्तर्राष्ट्रिय किक बक्सिङ प्रतियोगितामा नेपालको पहिचान बनाउन सफल भएका छन् ।

घिमिरे जापानको नागोया शहरमा आफ्ना पिता पूर्वअन्तर्राष्ट्रिय किक बक्सर तथा फुल कन्टयाक कराँते खेलाडी देव घिमिरेको विशेष प्रशिक्षणमा रहँदै आएका छन् । काठमाडौंको चन्द्रागिरि नगरपालिका–१२ गुर्जुधारा बलम्बुवासी घिमिरेको परिवार केही वर्षदेखि जापानको नागोयामा बस्दै आएको छ ।

# तीन महिलासहित ७८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३ भदौ/

वीरगंजका दुई स्थानमा शनिवार यादवलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक



तस्वीरः सौजन्य

सम्पन्न रक्तदान कार्यक्रममा तीनजना महिलासहित ७८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

रामगढवा एकता युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३६ जनाले रक्तदान गरेका थिए । धीरेन्द्र बैठा, उदय पटेल, रमिता देवी, राजेश साह कानू, अनिल पटेल, सुगन्धी देवी, रामेश्वर जीतेन्द्र कुशवाहाले बताए ।

यसैगरी, पर्सा फोटोग्राफर एशोसिएशनले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ४२ जनाले रक्तदान गरेका थिए । रितु कुशवाहा, आदेश चौधरी, विजय ठाकुर, राजु कुशवाहा, गौतम साह, रुस्तम मियाँ चुडिहारलगायत ४२ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए ।

# पत्रकार यादवको श्रद्धाञ्जलिसभा



तस्वीरः सौजन्य

प्रस, वीरगंज, ३ भदौ/

नेशनल जर्नलिस्ट आइ बिहार, रक्सौलको आयोजनामा हत्या गरिएका पत्रकार विमलकुमार यादवको श्रद्धाञ्जलिसभा रक्सौलमा सम्पन्न भएको छ ।

अररिया जिल्लाको रानीगंज निवासी पत्रकार यादवलाई केही दिनअघि अज्ञात समूहले गोली हानी हत्या गरेको थियो । दोषीलाई कारबाईको मागसहित २५ लाख रुपैयाँको क्षतिपूर्ति तथा योग्यता अनुसार परिवारका सदस्यको जागीरको माग गरिएको छ ।

कार्यक्रममा पत्रकारहरूले मौन धारणपछि मन्तव्य राखेका थिए । एनजेआईका अनुमण्डल संयोजक विपिन कुशवाहाको अध्यक्षतामा भएको श्रद्धाञ्जलिसभामा पत्रकार दीपक अग्निरथ, नवीनकुमार सिंह, विएन कुशवाहा, लक्ष्मीकान्त त्रिपाठी, सुबोध कुमार, महम्मद साहिल अन्सारी, अवधेशकुमार शर्मा, विकाश शर्मा, सन्दीपकुमार, सञ्जय कुशवाहालगायतले धारणा व्यक्त गरेका थिए ।

# कंसवध मेलाको लागि समिति गठन



तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, ३ भदौ/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीमा भदौ २५ गते लाग्ने कंसवध मेलाको लागि मेला मूल समिति गठन गरिएको छ ।

प्रत्येक वर्षझैं यस वर्ष पनि श्रीकृष्ण जन्माष्टमीको छैटौं दिन छठियारको अवसरमा लाग्ने कंसवध मेलाको लागि वडाध्यक्ष शेख खुर्सेदको अध्यक्षतामा बसेको बैठकले १३ सदस्यीय समिति गठन गरेको छ ।

समितिको अध्यक्षमा ओसियर हवारी, उपाध्यक्ष फिरोज सिद्धिकी, सचिव राजेश चौरसिया र कोषाध्यक्षमा नरेशप्रसाद यादव छन् ।

मेलाको सम्पूर्ण खर्च वडा कार्यालयले बेहोर्ने भएकोले कुनै किसिमको चन्दा नदिन वडाध्यक्ष खुर्सेदले बताए । मेलामा १४ हातको बाँसबाट कंस बनाइने र सोको वध हात्तीबाट गराइन्छ । मेलाको लागि मनोरञ्जनका सामग्री पनि व्यवस्था गरिएको मेला समितिले जनाएको छ ।

# दुईजना अबोध बालबालिकाको उद्धार

प्रस, वीरगंज, ३ भदौ/

सशस्त्र प्रहरी दक्षिण झिटकैयाले दुईजना अबोध बालबालिकाको उद्धार गरेको छ ।

बारा जिल्ला देवताल गाउँपालिका–३ नन्कीअमवा निवासी शिवपूजन महतोकी नौ महीनाकी छोरी लक्ष्मी महतो र सोही स्थान निवासी प्रेमचन्द्र महतोका दुई वर्षीय छोरा सत्यमकुमार महतोलाई बोरामा हालेर भारततर्फ लैजाँदै गरेको अवस्थामा सशस्त्रको टोलीले उद्धार गरेको र चोरलाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल १२ नं हेडक्वाटर बाराले जनाएको छ ।

देवताल गापाबाट आज भारत पूर्वी चम्पारण मूर्तिया ग्रामपञ्चायत–४ आधापुर बस्ने २२ वर्षीय तबरेज आलमले दुईजना बालबालिकालाई चोरी गरी बोरामा हालेर भारततर्फ लैजाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी नायब निरीक्षक मिलन श्रेष्ठ नेतृत्वको टोलीले शङ्का लागि बोरा चेकजाँच गर्दा दुईजना बालबालिका फेला परेका थिए । बालबालिकालाई अभिभावकको जिम्मा लगाएको र आलमलाई प्रहरी चौकी देवातालको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ ।



**वीरगंजको पहिचान घण्टाघरः** गरे के हुँदैन भन्ने उदाहरण वीरगंजमा निरन्तर शहर सफाइ अभियानले देखाएको छ । घण्टाघर परिसरलगायत शहरका मुख्य चोक, सार्वजनिक क्षेत्रमा महानगरपालिकाले निरन्तर चलाएको सरसफाइ अभियानले शहरको मुहार फेरिदिएको आभास भइरहेको छ । मानव सभ्यताको परिचय नै सरसफाइबाट शुरू हुने भएकोले वीरगंज नगर हराभरा, सुन्दरसँगै व्यापारी र ग्राहकबीचको सम्बन्ध अझै मित्रवत् र प्रगाढ हुन जरुरी छ । जसले गर्दा आर्थिक नगरीको आर्थिक वृद्धिमा थप टेवा पुऱ्याउन मदत पुग्छ ।
शब्दचित्रः जीतलाल श्रेष्ठ




- आत्महत्या कुनै पनि समस्याको समाधान होइन,
- कुनै पनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घरपरिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथि विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड